

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdaily

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ४० ★ ने. सं. ११४६ चिल्ला गा, प्रतिपदा ★ बुधबार ★ २० फागुन, २०८२ ★ March 4, 2026, Wednesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८





संरा अमेरिका र इजरायलले इरानमाथि गपिररहेको आक्रमणको निन्दा गर्दै र युद्ध तुरुन्त बन्द गर्न माग गर्दै दक्षिणपूर्वी एसियाली देश फिलिपिन्सको राजधानी मनिलास्थित अमेरिकी राजदूतावासअगाडि विरोध प्रदर्शन गर्दै फिलिपिन्सका युवाहरू मार्च ३, २०२६ का दिन ।

*तस्बिर : जाम स्टारोसा/एएफपी*

# पश्चिम एसियामा द्वन्द्व चर्किंदै १९ लाख नेपाली असहज अवस्थामा

**भीष्मराज ओझा/रासस**

काठमाडौँ, १९ फागुन । पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो घटनाक्रमपछि त्यस क्षेत्रमा रहेका १९ लाखभन्दा बढी नेपालीहरू असहज अवस्था रहेका छन् ।

संयुक्त राज्य अमेरिका र इजरायलद्वारा इरानविरुद्ध शनिबार गरिएको संयुक्त सैन्य आक्रमणपछि इरानले त्यसको प्रत्याक्रमण गर्दा पश्चिम एसियाको स्थिति तनावपूर्ण बन्दै गएको छ । सुरुमा सो क्षेत्रका मुलुकमा रहेका अमेरिकी सेनाका अखडाहरूलाई निशाना बनाएको इरानले पछिल्लो दिनमा विमानस्थल, पेट्रोलियम प्रशोधन केन्द्रलगायत संवेदनशील स्थानमा समेत आक्रमण गर्न थालेको छ ।

युद्ध लम्बिँदै जाँदा त्यस क्षेत्रका मुलुकमा रहेका १९ लाखभन्दा बढी नेपाली थप अन्योलमा परेका छन् । अर्कोतिर त्यस क्षेत्रका दर्जनौँ उडान रद्द हुँदा त्यहाँ जाने तयारी अवस्थामा रहेका र स्वदेश फर्कने क्रममा रहेका नेपालीहरू अलपत्र परेका छन् ।

यसैगरी संयुक्त अरब इमिरेट्सको अबुधाबीस्थित जायेद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको प्रत्याक्रमणमा परी गोरखाका दिवस श्रेष्ठको यही फागुन १७ गते निधन भएको अबुधाबीस्थित नेपाली दूतावासले जनाएको छ । नेपाल सरकारले श्रेष्ठको शव स्वदेश ल्याउन आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

नेपाल सरकारले सबै सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना गरी सुरक्षित रहन सम्बन्धित सबैलाई आग्रह गरेको छ । परराष्ट्र मन्त्रालयले सम्भावित उद्धारका लागि 'र्‍यापिड एक्सन टिम' गठन गरी अप्ठ्यारोमा परेका नेपालीलाई सम्बन्धित मुलुकसँग सम्पर्क गरी आवश्यकताअनुसार उद्धार प्रक्रिया अगाडि बढाउने जनाएको छ ।

सो क्षेत्रका नेपाली नागरिकको सुरक्षा नेपाल सरकारका लागि उच्च प्राथमिकतामा रहेको मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँले त्यस क्षेत्रमा रहेका नेपालीलाई सुरक्षित रहन, नआत्तिन र सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना पालना गर्न आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यहाँ रहेका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताउनुभयो । मन्त्रालयले द्वन्द्वका क्रममा सर्वसाधारण नागरिकहरूको सुरक्षा, सुरक्षात्मक व्यवस्था तथा संरक्षण सुनिश्चित गर्न सम्बन्धित सबै पक्षसँग पुनः आग्रह गरेको छ । साथै सम्बन्धित जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूको सधैँ पूर्ण रूपमा सम्मान तथा पालना गरिनुपर्ने मन्त्रालयको जोड छ ।

पश्चिम एसिया र आसपासका मुलुकमध्ये हाल इरानमा छ जना, इजरायलमा छ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइनमा २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा श्रम स्वीकृति लिएर गएका चार लाख ७८ हजार १४४ र भिजिट भिसामा गएका चार लाख ३७ हजार ४४ जना, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल करिब १९ लाख ४४ हजार ४७२ जना नेपाली नागरिक रहेका छन् ।


## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

❖ कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।

❖ कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।

❖ निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।

❖ निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

❖ निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मध्यपूर्व युद्धः नागरिकमाथि बढ्दो मारप्रति संयुक्त राष्ट्रसङ्घ स्तब्ध

जेनेभा, १९ फागुन (एएफपी) । मध्यपूर्वमा तीव्र बन्दै गएको युद्धका कारण सर्वसाधारणमाथि परेको गम्भीर मानवीय असरप्रति संयुक्त राष्ट्रसङ्घले गहिरो चिन्ता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसङ्घका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले मङ्गलबार जारी सन्देशमार्फत क्षेत्रभरि फैलिएको डर, आतङ्क र अनिश्चितताले लाखौँ मानिसको जीवन असुरक्षित बनाएको बताउनुभयो ।

जेनेभामा आयोजित पत्रकार सम्मेलनमा उहाँकी प्रवक्ता रविना शामदासानीले उच्चायुक्त टर्क 'गहिरो स्तब्ध' भएको जानकारी दिनुभयो । उहाँले मध्यपूर्व मात्र नभई बाहिरका देशहरूमा समेत यस द्वन्द्वले सिर्जना गरेको मानसिक त्रास र अस्थिरता स्पष्ट देखिएको उल्लेख गर्नुभयो । "लाखौँ मानिसले भोगिरहेको डर, आतङ्क र चिन्ता स्पष्ट छ - र यो अवस्था पूर्ण रूपमा टार्न सकिने थियो", उहाँले भन्नुभयो ।

शामदासानीका अनुसार, गत शनिबार इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि स्थिति झन् जटिल बनेको छ । त्यसको प्रतिक्रियास्वरूप इरानले क्षेत्रका विभिन्न राज्यविरुद्ध कदम चालेको र हिजबुल्लाहसमेत द्वन्द्वमा प्रवेश गरेको घटनाले नागरिक तथा नागरिक पूर्वाधारमाथि व्यापक प्रभाव पारेको उहाँले बताउनुभयो । "स्थिति प्रत्येक घण्टासँगै बिग्रँदै र फराकिलो बन्दै गएको छ, जसले हाम्रो सबैभन्दा खराब आशङ्कालाई सतहमा ल्याइरहेको छ", उहाँले स्पष्ट गर्नुभयो ।

उच्चायुक्त टर्कले युद्धसम्बन्धी अन्तर्राष्ट्रिय कानूनको स्मरण गराउँदै नागरिक र नागरिक वस्तुहरू सुरक्षित राखिनुपर्ने दायित्व सबै पक्षको भएको दोहोर्‍याउनुभयो । सबै राज्य तथा सशस्त्र समूहहरूले कानूनी दायित्वको पूर्ण पालना गर्नुपर्ने उहाँको आग्रह छ ।

उहाँले सबै पक्षलाई अधिकतम संयम अपनाउन, थप सैन्य विस्तार रोक्न र नागरिक तथा महत्त्वपूर्ण पूर्वाधारको संरक्षणका लागि सम्भव सबै उपाय अवलम्बन गर्न आह्वान गर्नुभयो । बढ्दो हिंसा र प्रतिशोधको चक्रले क्षेत्रीय स्थायित्वलाई मात्र नभई, मानवीय अवस्थालाई पनि झन् भयावह बनाउने चेतावनी उहाँले दिनुभयो ।

"वार्ताको टेबलमा फर्कनु नै हत्या, विनाश र निराशाको अन्त्य गर्ने एक मात्र उपाय हो", शामदासानीले उच्चायुक्तको भनाइ उद्धृत गर्दै भन्नुभयो, "उच्चायुक्तले सबै पक्षलाई होशमा आउन र यो हिंसा अन्त्य गर्न आग्रह गर्नुभएको छ ।"


# बिदामा पनि सर्वोच्च अदालत खुला, बन्दीप्रत्यक्षीकरणको रिट सुनुवाइ हुने

काठमाडौँ, १९ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि सरकारले घोषणा गरेको सार्वजनिक विदा तथा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा समेत सर्वोच्च अदालत खुला रहने भएको छ । विशेषगरी बन्दीप्रत्यक्षीकरणको रिट निवेदनको सुनुवाइलाई निरन्तरता दिन अदालतले तोकिएको अवधिमा निश्चित समयका लागि सेवा सञ्चालन गर्ने जनाएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाका अनुसार यही फागुन २० गतेदेखि २३ गतेसम्म तथा २४ गते अन्तर्राष्ट्रिय महिला दिवसका दिन बन्दीप्रत्यक्षीकरणका रिट निवेदनको सुनुवाइका लागि बिहान ११ बजेदेखि अपराह्न ३ बजेसम्म अदालत खुला रहनेछ ।

बन्दी प्रत्यक्षीकरणको रिट निवेदन व्यक्तिको व्यक्तिगत स्वतन्त्रता तथा मौलिक हकसँग प्रत्यक्ष सम्बन्धित विषय भएकाले सार्वजनिक बिदाका दिनसमेत सुनुवाइको व्यवस्था गरिएको सर्वोच्च अदालतले जनाएको छ । अदालतले सम्बन्धित पक्षलाई तोकिएको समयमा उपस्थित भई प्रक्रिया अघि बढाउन आग्रह गरेको छ । ***(रासस)***

***व्यङ्ग्यचित्रको कुनो***






**बसपार्कमा मतदाता**
यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा मङ्गलबार गृहजिल्ला जाने तयारीमा सर्वसाधारण । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# चुनावमा पनि इन्धन नियमित हुन्छ : आयल निगम

काठमाडौँ, १९ फागुन । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको आयात नियमित रहेकाले अनावश्यक भण्डारण नगर्न आमसर्वसाधारणमा आग्रह गरेको छ ।

निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले अनावश्यक भण्डारण गर्दा दुर्घटनाको जोखिमसमेत हुने भएकाले अनावश्यक भण्डारण नगर्न अनुरोध गर्दै इन्धन नियमित भइरहेको र चुनावभरि नियमित हुने जानकारी दिनुभयो ।

उहाँले सोमबार एक सूचनामार्फत भन्नुभएको छ, "पेट्रोलियम पदार्थको आयात पाइप लाइनमार्फत नियमित रूपमा भइरहेको र आसन्न निर्वाचनको समयमा पनि पर्याप्त मात्रामा पेट्रोलियम पदार्थको आयात जारी रहनेछ ।"

उहाँले पेट्रोलियम पदार्थको अनावश्यक रूपमा जेरी क्यान, ड्रममा स्टोर गर्दा हुनसक्ने सम्भावित आगजन्य दुर्घटनाको जोखिमलाई मध्यनजर गरी जेरी क्यान, ड्रममा पेट्रोलियम पदार्थ भर्न निषेध गरिएको पनि जानकारी गराउनुभएको छ ।

सम्भावित आगजनीजन्य दुर्घटनाको जोखिम न्यूनीकरण गर्न आवश्यक परिमाणमा मात्र पेट्रोलियम पदार्थ खरिद गरी सहयोग गर्न पनि नियमले सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध गरेको छ । *(रासस)*

# छुट्टाछुट्टै सवारी दुर्घटनामा १५ जनाको मृत्यु

काठमाडौँ, १९ फागुन । देशका विभिन्न भागमा सोमबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १५ जनाको मृत्यु भएको छ ।

केन्द्रीय प्रहरी समाचार कक्षकाअनुसार सर्लाही, सुनसरी, बारा, मकवानपुर, भक्तपुर, चितवन, धादिङ, कास्की, बाँके, रूकुम पूर्व, रूपन्देही र कञ्चनपुरमा भएका सवारी दुर्घटनामा उनीहरूको मृत्यु भएको हो ।

**टिपरको ठक्करबाट एक जनाको मृत्यु**

काठमाडौँको नयाँ बानेश्वरमा फोहर बोक्ने टिपरको ठक्करबाट मङ्गलबार स्कुटर चालकको मृत्यु भएको छ ।

काठमाडौँ महानगरपालिका-३१ मिनभवनस्थित सिभिल अस्पताल नजिक बा २ क ३२२९ नम्बरको फोहर बोक्ने टिपरले ठक्कर दिँदा सुनसरीको इनरुवा स्थायी घर भई हाल भक्तपुर बस्ने ४८ वर्षीय बद्री कोइरालाको मृत्यु भएको काठमाडौँ प्रहरीका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

गोरखाका विकाश थापा मगरले चलाएको प्र ३ -००१ ब ९४५ नम्बरको टिपरले सरकारी नम्बर प्लेट प्र ३ -००१ ब ९४५ को स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक कोइराला गम्भीर घाइते भएका थिए । उनको सिभिल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । टिपर चालक थापा मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । *(रासस)*

# हालसम्म निर्वाचन आउन दुई दिन बाँकी आचारसंहिता अनुगमन अधिकृतलाई आयोगको निर्देशन

काठमाडौँ, १९ फागुन । निर्वाचन आयोगले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई थप निर्देशन दिएको छ । आयोगले मङ्गलबारदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरण प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको हो ।

यही फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ । निर्वाचन आचारसंहिता कार्यान्वयन सुनिश्चित गर्न सहायक प्रमुख जिल्ला अधिकारी र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखलाई फरकफरक जिम्मेवारीसहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ ।

निर्वाचन आचारसंहितामा समावेश भएका व्यवस्थाअनुसार मङ्गलबारदेखि फागुन २१ गतेसम्म आचारसंहिताले तोकेका सबै पक्षले पालना गर्नुपर्ने आचरणको प्रभावकारी परिपालनाको अनुगमन गर्न आयोगले निर्देश गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणको सम्बन्धमा आयोगले स्मरण गराएको छ । मतदानको दिन पालना गर्नुपर्ने आचरण परिपालनाको सम्बन्धमा अनुगमन गरी उक्त व्यवस्थाको कार्यान्वयनलाई प्रभावकारी बनाउन आफ्नो जिल्लाभित्र सुक्ष्म अनुगमन गर्न निर्देश गरिएको छ ।

निर्वाचन आचारसंहिता तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ विपरीतका कार्य गरेको पाइएमा सोही ऐनको अधिनमा रही जिल्ला आचारसंहिता अनुगमन समितिसमेतको सहकार्यमा प्रभावकारी कार्यान्वयन गर्न गराउन निर्देशन गरिएको छ । सोहीबमोजिम प्रचारप्रसार निषेध अवधिमा प्रचलित कानुन र निर्वाचन आचारसंहिताबमोजिम गर्न नहुने भनी तोकिएका कार्यहरू नगर्न र गराउनुहुन आयोग हार्दिक अनुरोध गरेको छ । *(रासस)*

# राष्ट्रिय परिचयपत्र वा राहदानी पनि मतदानमा मान्य हुने

काठमाडौँ, १९ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न मतदाताले आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र साथै लिएर मतदान केन्द्रमा जानुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

यही फागुन २१ गते हुने निर्वाचनमा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपुर्जा वा सवारी चालक अनुमतिपत्र पनि मतदानको निम्ति मान्य हुने आयोगले बताएको छ ।

आयोगले सार्वजनिक गरेको अन्तिम मदाता नामावलीमा नाम भएका र यही फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताले निर्वाचनमा तोकिएको मतदान केन्द्रमा गई मतदान गर्न पाउनेछन् । *(रासस)*

# उदय साकोसको ३० औँ स्थापना दिवस

भक्तपुर, १९ फागुन । उदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३० औँ स्थापना दिवस संस्थाको सभाकक्षमा मङ्गलबार सम्पन्न भयो ।

संस्थाका कार्यवाहक अध्यक्ष तथा कार्यक्रमका सभापति न्हुछेबहादुर प्रजापतिले संस्थापक, सञ्चालक समिति उपसमिति तथा कर्मचारीहरूबिच सहकार्य गर्दै संस्थाको प्रगति र विकासका लागि समुदायलक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको बताउनुभयो ।

संस्थाका कोषाध्यक्ष शिवराम बोहजुले संस्था परिपक्व अवस्थामा रहेको बेला राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा देखिएको आर्थिक मन्दीको सामना गर्नसक्नु नै संस्थाको सकारात्मक पक्ष भएको बताउनुभयो ।

पूर्वअध्यक्ष नीलनारायण कोजूलगायत संस्थाका संस्थापक सदस्यहरूले संस्थाको विकासका लागि आवश्यक सरसल्लाह तथा सुझाव दिएको उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, उपसमिति तथा कर्मचारीहरूको उपस्थिति रहयो ।

संस्थाका व्यवस्थापक पुण्यराम गोसाईले संस्थाको स्थापना दिवसको अवसरमा यहीं फागुन २८ गतेदेखि संस्थाको युवा तथा सांस्कृतिक उपसमितिको आयोजनामा तीनमहिने मादल र बाँसुरी तथा ढोलक बाजाको प्रशिक्षण सञ्चालन हुने बताउँदै यहीं फागुन २५ गतेभित्र नाम दर्ता गर्न सकिने जानकारी दिनुभयो ।

# नाग्म-गमगढी सडक कालोपत्र गर्न ठेक्का आह्वान

जुम्ला, १९ फागुन । राराताल जाने नाग्म-गमगढी सडकको कालोपत्र गर्ने ठेक्का आह्वान गरिएको छ । बजेट अभावका कारण झन्डै तीन वर्षदेखि रोकिएको उक्त सडक यस वर्ष नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर कालोपत्र गर्न बोलपत्र आह्वान गरिएको हो ।

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराका अनुसार यही फागुन १७ गते सार्वजनिक सूचनामार्फत ठेक्का आह्वान गरिएको हो । यसका लागि कुल रु. ९१ करोड ६६ लाख बजेट स्वीकृत भइसकेको छ । ठेक्का प्रक्रियाबाट स्वीकृत प्रस्तावअनुसार लागत निर्धारण गरिने छ । नाग्मदेखि देवारगाउँसम्मको १५ किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्र, विशेषगरी अस्फाल्ट कङ्क्रिट प्रविधि प्रयोग हुने भएको छ । नाग्म-गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माण कार्यले निरन्तरता पाउने अपेक्षा गरिएको कार्यालय प्रमुख महताराको भनाइ छ ।

चार वर्षअगाडि यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब ६ किलोमिटर मात्र कालोपत्र गरिएको थियो । बजेटको सुनिश्चिता नहुँदा नाग्म-गमगढी सडक स्तरवृद्धि हुन सकेको थिएन । अब बजेटको सुनिश्चित भएसँगै कालोपत्रको कामलाई तीव्र गतिमा अगाडि बढ्ने प्रमुख महताराले बताउनुभयो । नाग्म-गमगढी सडक स्तरवृद्धि नहुँदा राराताल आउने पर्यटकलाई सास्ती हुने गरेको थियो ।

# कुपण्डोलस्थित दाउरा थकालीमा लागेको आगो नियन्त्रणमा

पाटन (ललितपुर), १९ फागुन । ललितपुरको कुपण्डोलस्थित दाउरा थकालीमा लागेको आगो नियन्त्रणमा आएको छ ।

मङ्गलबार दिउँसो ३:४५ बजेतिर विद्युत् सर्ट हुँदा भएको आगलागी ललितपुर महानगरको प्रहरीले बारुणयन्त्र प्रयोग गरी नियन्त्रणमा लिएको ललितपुर महानगरका प्रहरी प्रमुख सीताराम हाछेथुले जानकारी दिनुभयो । "हामीले तत्कालै पुगेर दाउरा थकालीमा भएको आगलागी नियन्त्रणमा लिएका छौँ, आगलागीबाट भएको क्षतिको विवरण आउन बाँकी छ", उहाँले भन्नुभयो ।

आठौँ तलामा रहेको दाउरा थकाली रेष्टुराँ आगलागीबाट पूर्ण रुपमा जलेर नष्ट भएको उहाँले बताउनुभयो । आगलागीबाट कुनै मानवीय क्षति भने नभएको उहाँले जानकारी दिनुभयो ।

# प्रतिनिधिसभा निर्वाचन : वीर अस्पतालमा द्रुत कार्यदल गठन

काठमाडौँ, १९ फागुन । चिकित्सा विज्ञान प्रतिष्ठान (वीर अस्पताल) ले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी विशेषज्ञ चिकित्सकसहितको द्रुत कार्यदल (र्‍यापिड रेस्पोन्स टिम) गठन गरेको छ ।

वीर अस्पतालका निर्देशक डा. दिलीप शर्माले सम्भावित स्वास्थ्य आपत्कालीन अवस्थालाई दृष्टिगत गर्दै टोली गठन बताउनुभयो । अस्पतालले आकस्मिक विभागका प्रमुख डा. सुरेशप्रसाद नेपालको संयोजकत्वमा २६ सदस्यीय टोली गठन गरेको हो । औषधि र उपकरणसहितको टोलीमा विशेषज्ञ चिकित्सक, नर्सिङ प्रशासक, औषधि व्यवस्थापन प्रमुख छन् । *(रासस)*

# बिदामा न्याय सम्पादन नियमित

रसुवा, १९ फागुन । कार्यालय बिदा भए पनि रसुवा जिल्ला अदालतले आफ्नो नियमित काम अगाडि बढाई न्याय सम्पादन गर्ने भएको छ ।

यही फागुन २०, २२ र २४ गते कार्यालय बिदा रहे पनि जिल्ला अदालतले गर्ने बन्दी प्रत्यक्षीकरणसम्बन्धी निवेदनको सुनुवाइ गर्ने व्यवस्था मिलाएको छ ।

उक्त समयमा बन्दी प्रत्यक्षीकरणको साथै जिल्लाभित्र अप्रिय घटना भएमा पक्राउ गर्ने आदेश जारी गर्ने तथा पक्राउ भएका नागरिकका लागि थुनुवा म्याद थप गर्ने समेतको व्यवस्था मिलाइएको जिल्ला अदालतले सूचनामार्फत जनाएको छ । यसैगरी, जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनाअनुसार भयरहित वातावरणमा आम निर्वाचन सम्पन्न गराउन उत्तरी रसुवागढी नाका बन्द गरिएको छ ।

# यस्तो छ, निर्वाचनमा खटिने कर्मचारीले पालना गर्नुपर्ने आचरण

काठमाडौँ, १९ फागुन । निर्वाचनमा खटिने कर्मचारीले आफ्ना सेवा समूहसम्बन्धी कानुनमा व्यवस्था भएका आचरणका अतिरिक्त निर्वाचन आचारसंहिता, २०८२ मा व्यवस्था भएका आचरणसमेत पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ ।

आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०८२ मा कुनै कर्मचारीले उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नहुनेलगायतका आचरणका व्यवस्थाहरू गरिएका छन् । आचारसंहितामा निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तथ्य र निष्पक्ष रही गर्नुपर्ने, निर्वाचन अवधिभर मुलुकको प्रतिनिधित्व हुने गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा सार्वजनिक पद धारण गरेको व्यक्ति निर्वाचन आयोगको पूर्वस्वीकृतिविना विदेश भ्रमणमा जान वा पठाउन नहुने भनिएको छ ।

यसैगरी, उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिलाई नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थान भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने आयोगले जनाएको छ ।



**बेलहिया नाका**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा मङ्गलबारदेखि बन्द गरिएको बेलहिया नाका । निर्वाचन सुरक्षालाई मध्यनजर गरी ७२ घण्टा अगावै सीमानाका बन्द गरिएको हो । *तस्बिरः राधेश्याम विश्वकर्मा/रासस*

## सङ्क्षिप्त समाचार

# वीरगञ्ज हुँदै पाँच खर्ब १९ अर्बको सामान आयात

वीरगञ्ज (पर्सा), १९ फागुन । वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु. पाँच खर्ब १९ अर्ब एक करोड मूल्य बराबरका वस्तु तथा सामान आयात गरिएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा रु. ५७ अर्ब ३१ करोड अर्थात् १२ प्रतिशत बढी सामान आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो । "चालु आवमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सामानहरूको आयातको हिस्सा बढी देखिन्छ," उहाँले भन्नुभयो । गत आवको सात महिनामा रु. चार खर्ब ६० अर्ब २३ करोड मूल्य बराबरका सामान आयात भएको थियो ।

चालु आवको सात महिनामा रु. एक खर्ब छ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात गरिएको छ । त्यसैगरी, रु. ४६ अर्ब १६ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरूको आयात गरिएको छ । सोही अवधिमा रु. ३५ अर्ब ८७ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात गरिएको छ । रु. ३५ अर्ब ६७ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको जनाइएको छ । रु. २७ अर्ब ९८ करोड मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जाको आयात गरिएको भन्सार कार्यालयले जनाएको छ ।

# प्रदेश निर्वाचन सुरक्षा समितिद्वारा सीमा र मतदानस्थलको निरीक्षण

दोधारा चाँदनी (कञ्चनपुर), १९ फागुन । सुदूरपश्चिम प्रदेश निर्वाचन सुरक्षा समितिले भारतसँग जोडिएको कञ्चनपुरको गड्डाचौकी नाका तथा भीमदत्त र दोधारा चाँदनीका विभिन्न मतदानस्थलको स्थलगत निरीक्षण गरेको छ ।

सुदूरपश्चिम प्रदेशका मुख्य सचिव वैकुण्ठप्रसाद अर्याल, प्रदेश प्रहरी प्रमुख ओमबहादुर राना, सशस्त्र प्रहरी बल वैद्यनाथ बाहिनीका निमित्त बाहिनीपति दिग्विजय सुवेदीलगायत सुरक्षा निकायका प्रदेश प्रमुखहरूको टोलीले आज सीमा क्षेत्र र मतदानस्थलको सुरक्षा अवस्थाबारे स्थलगत अनुगमन गरेको हो ।

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार मध्यरातदेखि नै सीमा नाका सिल गरिएको छ । अत्यावश्यक सेवासँग सम्बन्धित आवागमनबाहेक अन्य आवागमनमा रोक लगाइएको छ । **(रासस)**

# मिथिला माध्यमिकी परिक्रमा सम्पन्न

जनकपुर, १९ फागुन । मिथिलाको महाकुम्भ मानिने १५ दिवसीय मिथिला माध्यमिकी परिक्रमाको आज अन्तिम दिन जनकपुरधाममा पञ्चकोशी अन्तरगृह परिक्रमा गरी सम्पन्न भएको छ ।

जनकपुरधामको हनुमानगढीबाट फाल्गुन शुक्लपक्ष प्रतिपदा तिथिबाट सुरु भएर फाल्गुन पूर्णिमासम्म सञ्चालन हुने मिथिला मध्यमा परिक्रमामा यसपटक लाखौँ तीर्थयात्री सहभागी भएका छन् । मिथिला मध्यमा परिक्रमामा १४ दिन सहभागी हुनेहरू अनिवार्य अन्तरगृह परिक्रमामा सहभागी हुने चलन छ ।

परिक्रमा मार्गमा होलीका दहनका लागि बालिएको आगोको राख उडाउँदै बिहानदेखि भक्तजन अन्तरगृह परिक्रमामा सहभागी भएका थिए । परिक्रमाका तीर्थयात्रीहरूले नेपालका १०७ र भारतको २६ गरेर १३३ किलोमिटरको दूरी खाली खुट्टा यात्रा गर्ने गर्छन् । **(रासस)**

# हतियारसहित भक्तपुरमा एक जना पक्राउ

भक्तपुर, १९ फागुन । सशस्त्र प्रहरी बल इन्टेलिजेन्ट ब्यूरोको टोलीले सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित गणेश बस्तीबाट हतियारसहित एक जना पक्राउ परेका छन् ।

भक्तपुर जिल्ला प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक प्रकाश जबेगुका अनुसार गोरखा पालुङटार नगरपालिका-९ का स्थायी बासिन्दा हाल सूर्यविनायक नगरपालिका-८ भुम्डोलमा बसोबास गर्दै आएका ३१ वर्षीय आयन सेढाईलाई पक्राउ गरिएको हो ।

निजबाट सेल्फ लोडेड राइफल- इन्सास एक थान, त्यसमा प्रयोग हुने चार राउन्ड गोली पनि बरामद गरिएको छ

सादा पोसाकमा खटिएको प्रहरीले छापा मारेर रबरको गोली एक राउन्ड, सटगनमा प्रयोग हुने गोली एक राउन्ड, एउटा खुकुरी र बञ्चरो पनि बरामद गरेको छ । **(रासस)**

# 'र्‍यापिड एक्सन टास्क फोर्स' गठन

देवदह (रूपन्देही), १९ फागुन । भैरहवास्थित भीम अस्पतालमा 'र्‍यापिड एक्सन टास्क फोर्स' गठन गरिएको छ । डा. मदन अधिकारीको संयोजकत्वमा गठन गरिएको उक्त फोर्सको सदस्यहरूमा डा. विनोद खनाल, डा. आरिफ हुसेन, डा. रवि शुक्ला, नारायणसिंह कोइरी, भेषनारायण चौधरी, ईश्वरी ज्ञवाली, बन्दना पङ्गेनी र जनकराज पन्त हुनुहुन्छ ।

पर्सि बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी 'र्‍यापिड एक्सन टास्क फोर्स' गठन गरिएको भीम अस्पतालको प्रमुख डा. वर्षा थापाले जानकारी दिनुभयो ।

सिद्धार्थनगर नगरपालिका-१३ मा अवस्थित भीम अस्पताल १९९० सालमा स्थापना भएको हो । **(रासस)**

# निर्वाचन प्रहरीसहित दुई जनाको मृत्यु

महेन्द्रनगर, १९ फागुन । कञ्चनपुर निर्वाचन प्रहरीसहित दुई जनाको मृत्यु भएको छ ।

पुनर्बास नगरपालिकामा खटिएका निर्वाचन प्रहरीको मङ्गलबार उपचारका क्रममा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक हेमबहादुर शाहीका अनुसार लालझाडी गाउँपालिका-३ बल्मी घर भई पुनर्बास नगरपालिका-९ सिताबस्तीस्थित जीवनशक्ति आधारभुत मतदानस्थलमा खटिएका निर्वाचन प्रहरी ३५ वर्षीय मानसिंह रानाको मृत्यु भएको हो ।

सोमबार राति खाना पकाउने क्रममा बेहोस भएका उनको आज धनगढीस्थित निशर्ग अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । राना उच्च रक्तचाप र मधुमेह रोगबाट पीडित भएको पाइएको प्रवक्ता शाहीले बताउनुभयो ।

यसैगरी मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ । बेदकोट नगरपालिकामा मोटरसाइकल अनियन्त्रित हुँदा भीमदत्त नगरपालिका-१८ भगतपुरका २३ वर्षीय निरज चौधरीको मृत्यु भएको हो ।

बेदकोट-७ गाउजीबाट सुडातर्फ आउँदै गरेका चौधरीले चलाएको म१प ८०४५ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको धनगढीस्थित मायामेट्रो अस्पतालमा आज मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ । सोही मोटरसाइकलमा सवार भगतपुरका २२ वर्षीय सागर चौधरी र १९ वर्षीय प्रमोद चौधरी घाइते भएका छन् । दुवै जनाको धनगढीमै उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मोटरसाइकल अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको थियो । **(रासस)**

# निर्वाचन अवधिभर नेपाल-भारत आवतजावतमा रोक

पाँचथर, १९ फागुन । जिल्ला प्रशासन कार्यालयले भारतसँग सीमा जोडिएका स्थानमा निर्वाचन अवधिभर सीमाबाट आवतजावतमा रोक लगाएको छ । प्रशासनले फागुन १८ गते मध्यराति फागुन २१ गते मध्यरातिसम्म नेपाल-भारत सीमाक्षेत्रको आवागमनमा रोक लगाएको हो । यही फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्ने उद्देश्यसहित सीमानाका पूर्ण रूपमा बन्द गरिएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले जानकारी दिनुभयो ।

पाँचथरको भारतको सिक्किम र पश्चिम बङ्गाल राज्यसँग करिब ४४ किलोमिटर सीमा जोडिएको भए पनि सीमानाका भने छैन । तर यहाँ दुवैतर्फका बासिन्दा पारिवारिक, व्यापारिक, पर्यटन तथा पशुचौपायाको चरिचरनका लागि सीमा वारपार गर्ने गरेका छन् । दुवैतर्फ पारिवारिक सम्बन्ध हुनाले नियमितजसो आवतजावत हुने गर्दछ । प्रशासनले निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिकाबमोजिम सीमानाका बन्द गरिएको जनाएको छ ।

नाका बन्द गरिएको अवधिमा पनि सुरक्षा अधिकारीहरूबाट प्रमाणित भएका आकस्मिक स्वास्थ्य सेवा प्रदायक एम्बुलेन्सलगायत सवारीसाधन भने सञ्चालन गर्न सकिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सीमानाका नभए पनि चिवाभञ्ज्याङ, फालोटलगायत क्षेत्रबाट सवारीसाधन र मानिस आवागमन हुने गरेका कारण प्रशासन सो कार्यमा रोक लगाएको हो । **(रासस)**

# रौतहटमा लुटपाट गर्न खोज्ने दुई युवक नियन्त्रणमा

काठमाडौँ, १९ फागुन । रौतहटको गढीमाई नगरपालिका-९ चिल्मिलिया क्षेत्रमा लुटपाट गर्न खोज्ने दुई युवक पक्राउ परेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलैन्द्र थापाले राससलाई बताउनुभयो ।

मोटरसाइकलमा सवार यात्रीलाई गएराति लुटपाट गर्न खोज्दै गर्दा सोही ठाउँका २१ वर्षीय सोमनकुमार सहनी र २१ वर्षीय रामेश्वर सहनी पक्राउ परेका हुन् । लुटपाट गर्न खोज्ने तीनमध्ये एक जना भने फरार रहेका छन् । निजको खोजी भइरहेको छ ।

सशस्त्र प्रहरी बल नेपाल निर्वाचन क्षेत्र सुरक्षा वेश सन्तपुरको 'स्ट्राइकिङ' टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो । जिल्लाको राजदेवी नगरपालिका-८ बस्ने धमेन्द्र राय यादव र निजको श्रीमती चन्चला सवार मोटरसाइकल रोकेर गहना लुटपाट गर्न खोजेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । **(रासस)**

# मौन अवधिमा निर्वाचन आचरसंहिता पालन गर्न अनुरोध

कर्णाली, १९ फागुन । यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को मौन अवधिमा निर्वाचन आचारसंहिता पालना गर्न आग्रह गरिएको छ । यही फागुन १८ गते राति १२:०० बजेपश्चात् सुरु भएको मौन अवधिमा निर्वाचन आयोग नेपालले जारी गरेको निर्वाचन आचारसंहिता २०८२ पालना गर्न दलका उम्मेदवार, भ्रातृ सङ्गठनलगायत सम्बन्धित सबैलाई आग्रह गरिएको हो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, भयरहित, मितव्ययी र पारदर्शी बनाउन र आचारसंहिताविपरीत गतिविधि नगर्न अनुरोध गरिएको निर्वाचन आचारसंहित अनुगमन अधिकृत एवं जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले जानकारी दिनुभयो ।

सो अवधिमा निर्वाचन प्रचासप्रसारलगायत सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, कार्यशाला नगर्न, मतदान हुने दिनको ४८ घण्टा अगाडि मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दलका उम्मेदवारका प्रचार सामग्री हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया एवं माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुनेलगायत सातबुँदे आचारण पालन गर्न आग्रह गरिएको निर्वाचन अनुगमन अधिकृत कार्कीले बताउनुभयो । उहाँका अनुसार निर्वाचन प्रसारप्रसारमा अवाञ्छित गतिविधि भएको पाइएको छैन । **(रासस)**

# आचारसंहिताको पूर्ण परिपालना गर्न काउन्सिलको आग्रह

काठमाडौँ, १९ फागुन । प्रेस काउन्सिल नेपालले मौन अवधिमा आचारसंहिताको पूर्ण परिपालना गर्न आग्रह गरेको छ । काउन्सिसले मङ्गलबारदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तरजस्ता कार्यक्रम नगर्न नगराउनेसम्बन्धी निर्वाचन आचारसंहिताको प्रावधान स्मरण गराएको हो ।

मौन अवधिमा आचारसंहिता उल्लङ्घन भएमा पत्रकार आचारसंहिता, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ को व्यवस्थाबमोजिम तत्कालै कारबाही प्रक्रिया अवलम्बन गरिने काउन्सिलले उल्लेख गरेको छ ।

आचारसंहिता उल्लङ्घनका विषयलाई सञ्चारमाध्यमको मूल्याङ्कन, वर्गीकरण एवं लोककल्याणकारीसहितका अन्य विज्ञापनको भुक्तानीका लागि समेत आधारका रूपमा अभिलेखीकरण गरिने काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले जानकारी दिनुभयो ।

निर्वाचनको मौन अवधिमा आचारसंहिता पालनामा थप संवेदनशील, सजग एवं सचेत रहन सञ्चारमाध्यम, पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जालका प्रयोगकर्तामा काउन्सिलले आग्रह गरेको छ । **(रासस)**

...

। सम्पादकीय ।

# व्यक्तिगत आतङ्क के हो ?

रुसको समाजवादी क्रान्तिभन्दा पहिले रुसका सम्राट जारको अत्याचारको विरोधमा रुसी युवाहरू र नरोदवादी अर्थात् 'जनताको हितमा काम गर्ने' भूमिगत सङ्गठनको सिद्धान्त थियो - ' समाजवादको वा देशको विकासको काम २-४ जना वीरले गर्छन्' र 'दुईचार जना दुष्टहरूले गर्दा समाज र देशको विकास अवरुद्ध हुने हो। यसकारण, त्यस्ता २-४ जनाको हत्या गरेमा देश र समाजको उन्नति हुन्छ भन्ने खोटो समझदारी उनीहरूले राखे। त्यस दृष्टिकोणमा लेनिनका दाजु अलेक्ज्यान्डर पनि विश्वास गर्थे र उनले जारको हत्या प्रयास गरेकोमा उनलाई ज्यान सजाय भयो। त्यस्तै अन्य नरोदवादीहरूलाई पनि ज्यान सजाय दिइएको थियो। पछि त्यो नरोदवादी सिद्धान्त खोटो हो भन्ने रुसी जनताले थाहा पाए। देश र जनताको उठान र पतनमा २-४ जना व्यक्तिमात्रै जिम्मेवार होइनन् बरु व्यवस्था नै फेर्नुपर्ने लेनिनको सिद्धान्त अगाडि आयो।

समाजका केही व्यक्तिलाई मारेपछि समाजमा आमूल परिवर्तन हुन्छ भन्ने खोटो विचारको प्रभावमा भारतमा सन् १९६५ देखि १९९० सम्म धेरै जमिनदारहरू र दुष्ट मानिसहरू मारिए, त्यही विश्वासमा लागेका भारतीय कम्युनिस्ट शिविरको एक सङ्गठन नक्सलवादी समूहका पनि धेरै कार्यकर्ता एवं युवा-विद्यार्थीहरू पनि सरकारको तर्फबाट गोली हानाहान र ज्यान सजायमा मारिए।

भारतमा इन्दिरा गान्धिको शासनको समाप्तिसँगै जनता पार्टीको गठबन्धन सरकार आएपछि सरकारको नीतिमा परिवर्तन आयो। कानुनी उपचार र मिलापत्र र आँखा चिम्लेर शङ्काकै भरमा गोली हानी हत्या गर्ने सरकारको असहिष्णुतामा परिवर्तन आएपछि बिस्तारै भारतीय राजनैतिक दबुलीमा 'व्यक्तिहत्या' को आतङ्कवादमा ऱ्हास आयो।

तर आज अन्तर्राष्ट्रिय दबुलीमा भने राज्यस्तरबाटै व्यक्तिहत्याको आतङ्कवाद बढ्दै गएको देखिन्छ ! अमेरिकाको 'ट्वीन टावर' को विध्वंशपछि संरा अमेरिकी सरकारले 'ओसामा बिन लाडेन' लाई पनि 'व्यक्तिहत्या' को शैलीमा हत्या गऱ्यो। त्यस्तै लिबियाको राष्ट्रपति कर्नेल मोहमर गद्दाफीलाई पनि हुल हुज्जत गरी 'व्यक्तिगत आतङ्कवादी' शैलीले हत्या गऱ्यो।

त्यस्तै हालै इजरायल र संरा अमेरिकी प्रशासन मिलेर इरानी सर्वोच्च आयतोल्लाह अलि खामेनीलाई हत्या गरे। बेन्जामिन नेतन्याहुको इजरायली सरकारहरूले अनेकौं प्यालेस्टिनी नेता, लेखक, कवि, कलाकार र पत्रकारहरू कानुनी ढङ्गले मुद्दा नचलाई व्यक्तिगत आतङ्कवादी शैलीले हत्या गऱ्यो। हजारौँ बालबालिका, महिला र निर्दोष जनतालाई मारेकोमा संसारमा बदनाम इजरायली सरकारकै 'व्यक्तिहत्या' को आतङ्कवादी शैली' लाई आज संसारका एक महाशक्ति र संयुक्त राष्ट्र सङ्घका एक जिम्मेवार नेता संरा अमेरिकाले सार्वभौम राज्यहरूको राष्ट्रपति र सर्वोच्च नेताहरूलाई हत्या गर्ने अभियान पनि 'व्यक्तिगत आतङ्कवाद' हो।

कुनै समूहले गरेको २-४ जना व्यक्तिको हत्यालाई 'आतङ्कवाद' भनियो भने संसारको एक शक्तिशाली देशको सरकारले विभिन्न महादेशहरूका नेता र राष्ट्रपतिहरूको हत्या र अपहरण पनि 'व्यक्तिहत्या' र 'आतङ्कवाद' हो। सानो समूहको 'आतङ्कवाद' बर्जित छ भने संसारमा संयुक्त राष्ट्र सङ्घका जिम्मेवार राष्ट्रले 'व्यक्तिहत्या' लाई कानुनी मान्यता दिने हो भने अपराधीहरूको 'हत्या' र 'आतङ्कवादी हत्या' लाई कसरी सही साबित गर्न सक्छन् ?

यस अर्थमा अमेरिकी ट्रम्प प्रशासनका यस्ता सबै गतिविधि 'आतङ्कवाद' र 'सशस्त्र डकैती' साबित हुन्छ। विश्वका व्यापक जनतामाझ जस्तै आज नेपालमा यही चर्चा छ।

# निर्वाचन पुराना र नयाँ विचारबिचको सङ्घर्ष

● विवेक

**राजनीतिक पार्टी भनेको भीड होइन, ढुङ्गामुढा र देशको सम्पत्ति जलाएर खरानीको व्यापार गर्नु राजनीति होइन। राजनीति एउटा सिद्धान्त र विचारमा प्रतिबद्ध सङ्गठित शक्ति हुने गर्छ। त्यसले आदर्श समाज निर्माण गर्ने सपना देखाउँछ। यतिबेला हरेक राजनीतिक पार्टीले आआफ्नो सिद्धान्तअनुसार जनताबिच प्रचार गरेर चुनाव जित्ने प्रयत्न गरेको भए निर्वाचन साँचै जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित गर्ने विश्वविद्यालय हुने थियो। निर्वाचनको सङ्घारमा पुग्दासम्मको अवस्था विश्लेषण गर्ने हो भने आगामी निर्वाचनमा विचार भन्दा भिडले नै महत्त्व पाउने देखिएको छ।**

समाज विकाससँगै नयाँ र पुराना विचारबिच सङ्घर्ष हुँदै आएको पाइन्छ। दास मालिकको विरुद्ध दास विद्रोह, सामन्तवादको विरुद्ध पुँजीपति वर्गको सङ्घर्ष र पुँजीवादको विरुद्ध समाजवादी विचारको सङ्घर्ष निरन्तर चल्दै आएको छ। सबै आन्दोलन वा विद्रोहले सफलता प्राप्त गर्छ भन्ने होइन। वैचारद्वारा निर्देशित आन्दोलन पटक पटक असफल भए पनि अन्ततः सफलतामा टुङ्गिन्छ। आजसम्मको समाज विकास वैचारिक आन्दोलनहरूकै परिणाम हो।

शासन सत्तामा पुग्नेहरूले आफ्नो शासनको आयु लम्ब्याउन अनेकौं उपायहरू अपनाउँछन्। साम, दाम, दण्ड र भेदको नीति राज्य सञ्चालकहरूले धेरै पहिलेदेखि अवलम्बन गर्दै आएको नीति हो। तर, त्यो नीतिले सधैँ काम गर्दैन। जनता राजनैतिक रूपले सचेत र क्रान्तिकारी विचारको आधारमा सङ्गठित भएपछि तिनीहरू पुराना विचार त्यागेर नयाँ विचार लिएर अघि बढ्छन्। हरेक देशको इतिहास यस्तै पुराना विचारविरुद्ध नयाँ विचारले विजय पाउँदै अगाडि बढ्दै छ।

नेपालको इतिहासमा राणा शासनविरुद्ध आवाज उठाउने प्रजातन्त्रवादीहरूले नयाँ र प्रगतिशील विचार बोकेका थिए। १०४ वर्षको जहानियाँ शासन २००७ सालमा अन्त्य भयो। प्रजातन्त्रको अनुभव गरिसकेका जनताको विरुद्ध राजतन्त्रले २०१७ सालदेखि २०४६




सालसम्म ३० वर्ष शासन गऱ्यो। २०४६ सालको आन्दोलनले त्यसको पनि अन्त्य गरी प्रजातन्त्रको पुनःस्थापना गऱ्यो। त्यो आन्दोलन वा विद्रोह केवल शासन सत्ताको परिवर्तनमात्र थिएन त्यो त सामन्तवादी विचारविरुद्ध प्रजातान्त्रिक विचारको विजय थियो। त्यस आन्दोलनले जनतालाई बोल्न, लेख्न, सभा सम्मेलन गर्नसमेत नदिई पञ्चायतले लगाइराखेको प्रतिबन्धको विरुद्ध दल खोल्ने स्वतन्त्रतासहितको अधिकार दियो। २०६३ सालमा संवैधानिक राजतन्त्रको ठाउँमा गणतन्त्र स्थापना भयो। संवैधानिक राजतन्त्र र गणतन्त्रमा जनताको जीवनमा तात्त्विक भेद नभए पनि एउटा विषयमा भन्ने ठुलो भिन्नता छ। संवैधानिक राजतन्त्र भएको देशमा जनताको छोरा कहिल्यै राजा बन्न सक्दैन भने गणतन्त्रमा जनताका छोरा राष्ट्रपति बन्न सक्छन्। २०६३ सालमा गणतन्त्र घोषणा पछि डा.रामवरण यादव पहिलो, विद्या भण्डारी दोस्रो र रामचन्द्र पौडेल तेस्रो राष्ट्रपति भए। गणतन्त्र नभई दिएको भए त्यो सम्भव हुने थिएन। प्रथम राष्ट्रपति यादवले एक पटक भनेका थिए, 'म धनुषामा भैंसी पालेर बसेको मान्छे, फेरि त्यही काम गर्छु।' यो अरू राष्ट्रपतिको हकमा पनि लागू हुन्छ। त्यसैले यो सत्ता र व्यक्तिमात्र परिवर्तन होइन, विचारकै परिवर्तन हो।

पुँजीवादी शासकहरूले पुँजीवादलाई अन्तिम गन्तव्य मान्छन्। उनीहरू अरू विकल्पबारे सोच्नै नपर्ने बताउँछन्। पुँजीवादले सबैलाई आआफ्नो क्षमता प्रदर्शन गर्ने अवसर दिने हुँदा उत्कृष्ट व्यवस्थाको दाबी गर्छन्। त्यसको आयु बढाउन त्यसका अवगुणहरूलाई ढाकछोप गरेर पुँजीवादकै गुणगान गाउँछन् र अरू विचारलाई उठ्दै नदिने असफल प्रयास गर्छन्।

पुँजीवादले जनताको समस्या समाधान गर्न नसक्ने भएकोले मानिसहरूले नयाँ नयाँ समाधानका उपायहरू खोज्दै गए। त्यही चिन्तनकै परिणाम समाजवादी विचारको उदय भएको हो। आजसम्म संसारमा विकसित विचारहरूमा समाजवादी विचार नविन विचार हो। समाजवादभन्दा राम्रो र नयाँ विचार अहिलेसम्म विकास भएको छैन।

आदर्श समाज निर्माणको लागि चिन्तन गर्नेहरूको कमी भने थिएन। थोमस मोर (सन् १४७८-१५३५) ले 'कल्पनालोक' पुस्तक लेखे। उनले हरेक मानिसले दुःखविनाको राम्रो स्वास्थ्य भएको खुसी जीवनको कल्पना गरे। अरूको खुसी छिनेर आफूले मात्रै खुसी प्राप्त गर्नुलाई गलत भन्दै उनले राम्रो कामको फल राम्रो हुने र नराम्रो कामको नराम्रै हुने विचार व्यक्त गरे। बालबच्चाको स्याहार गर्ने शिशुस्याहार केन्द्रदेखि फोहरमैला व्यवस्थापन र सहरका जनताको सुरक्षासम्मको चिन्तन गरे। यस्तै आदर्श समाजको कल्पना गर्नेहरूमा सेन्ट साइमन (१७६०-१८२५), चार्ल्स फ्युरियो (१७७२-१८३७), रोबर्ट ओबेन (१७७१-१८५८) पनि थिए। उनीहरूले मजदुरहरूको छुट्टै पार्टीको कल्पना गरे, साझा भान्छा घर, मनोरञ्जन, निश्चित घण्टाको कामको व्यवस्थाको लागि सोचे। त्यतिबेलाको सामन्तवादको विरुद्ध त्यो एक आदर्श समाज निर्माणको नयाँ विचार थियो। त्यसैले उनीहरू कल्पनिक समाजवादीहरूको नाउँमा चिनिए।

मार्क्स र एङ्गेल्सद्वारा सन् १८४८ मा लिखित कम्युनिस्ट घोषणापत्र सार्वजनिक भएपछि संसारलाई एउटा नयाँ विचार दियो। त्यो हो – समाजवादी विचार। त्यो त्यतिबेलाको मात्र नभई अहिलेसम्मकै क्रान्तिकारी विचार हो। सामन्तहरूले शासनसत्ता सहज रूपमा छोड्दैनन्। पुँजीपति वर्गले पनि शान्तिपूर्ण रूपमा सत्ताको हस्तान्तरण गर्दैनन् भनेर मार्क्स र एङ्गेल्सले विश्वलाई स्पष्ट पारे।

सन् १८७१ मा पेरिस कम्युन त्यसरी नै बल प्रयोग गरी मजदुर वर्गले शासन सत्ता कब्जा गरेको क्रान्ति थियो। त्यो पुँजीवादविरुद्ध समाजवादको झण्डा फहराउने विश्वकै पहिलो उदाहरण हो। पेरिस कम्युन असफल भए पनि मजदुर वर्गले शक्तिको भरमा शासन सत्ता कब्जा गर्ने मार्क्स र एङ्गेल्सको विचारको हार थिएन। रुसमा समाजवादी विचार पुनःसङ्गठित रूपमा अगाडि बढ्यो र सन् १९१७ मा बोल्सेभिक क्रान्ति सम्पन्न भयो। त्यो पुरानो विचारको ठाउँमा नयाँ विचारको जीत थियो।

पुँजीवादीहरूको आफ्नो स्वर्ग लुटिएको हुँदा समाजवादलाई असफल पार्न उनीहरू निरन्तर लागे र १९९१ मा त्यहाँ पुँजीवादको पुनःस्थापना भयो। कम्युनिस्ट नेताहरूमा समाजवादी विचारप्रति विचलन आएपछि समाजवादी व्यवस्था असफल पारियो। यसको अर्थ समाजवादी विचारको पराजय थिएन। विश्वका कुना काप्चाबाट आज पनि समाजवादी विचार झन् सशक्तमा अगाडि बढ्दै छ।

पुँजीवादीहरूले स्वतन्त्रताको नाउँमा निर्वाचनको माध्यमबाट पुँजीवादको आयु लम्ब्याउने काम गर्दै छन्। समाजवादी नेताहरूसमेत निर्वाचनमा जितेर सरकारमा पुगेपछि पुँजीवाद सामु आत्मसमर्पण गरेको हुँदा उनीहरू निर्वाचनलाई कम्युनिस्टहरू सिध्याउने हतियारको रूपमा प्रयोग गर्दै छन्।

नेपालमा एमाले २०४६ साल र माओवादी २०६४ सालदेखि निर्वाचनमा भाग लिएर सरकारमा गएका हुन्। पुँजीवादी सरकारमा गएदेखि उनीहरूको क्रान्तिकारी धारमा खिया लाग्दै गयो र अहिले राप्रपा, नेकाभन्दा कुनै पनि विषयमा एमाले र माओवादीमा भिन्नता छैनन्। उनीहरू सबै एउटै ड्याङका मूला सावित भएका छन्।

**प्रतिनिधि सभा निर्वाचन २०८२**

एमाले र माओवादीहरूले आफूलाई कम्युनिस्ट दाबी गरे पनि कम्युनिस्ट विचारअनुसार उनीहरूले काम गर्न छाडे। निर्वाचन जित्न पुँजीवादी पार्टीहरूले जे जस्ता उपायहरू अपनाउँथे ती सबै एमाले र माओवादीले पनि अपनाए। निर्वाचनमा भोज खुवाउने, पैसा बाँड्ने, शक्तिको प्रयोग गर्ने, प्रशासनको दुरुपयोग गर्ने जस्ता अनैतिक सबै खाले कामहरू गरे। त्यसैले निर्वाचन अब विचारको प्रतिस्पर्धा भएन। पैसा र डनहरूको प्रतिस्पर्धा भयो। अहिले नेका, एमालेजस्ता देशका ठुल्ठुला पार्टीहरू मिलेर सरकार चलाउँदा पनि युवाहरूको आन्दोलनसामु २ दिन पनि टिक्न सकेन। यसको मुख्य कारण विचारहीन राजनीति हो।

निर्वाचनमा व्यक्ति हार्न सक्छ तर सही विचार कहिले हार्दैन। विचारमा आबद्ध पार्टीहरूले ढिलो चाँडो आफ्नो विजयलाई सुनिश्चित गर्छ। सही विचार बोक्नेहरू अल्पमत हुन सक्छन् तर सत्यले विजय पाएरै छाड्छ। ग्यालिलियो र कोपर्निकसहरूले पृथ्वी गोलो भएको विचार सार्वजनिक गरेवापत ज्यान सजाय भोग्नुपर्यो तर आज विश्वका ७ अर्ब बढी जनताले उनीहरूकै विचारलाई अँगाल्दै छन्। सही विचारलाई भिडले बदल्न सक्दैन।

राजनीतिक पार्टी भनेको भीड होइन, ढुङ्गामुढा र देशको सम्पत्ति जलाएर खरानीको व्यापार गर्नु राजनीति होइन। राजनीति एउटा सिद्धान्त र विचारमा प्रतिबद्ध सङ्गठित शक्ति हुने गर्छ। त्यसले आदर्श समाज निर्माण गर्ने सपना देखाउँछ। यतिबेला हरेक राजनीतिक पार्टीले आआफ्नो सिद्धान्तअनुसार जनताबिच प्रचार गरेर चुनाव जित्ने प्रयत्न गरेको भए निर्वाचन साँचै जनतालाई राजनैतिक रूपले सचेत र सङ्गठित गर्ने विश्वविद्यालय हुने थियो। निर्वाचनको सङ्घारमा पुग्दासम्मको अवस्था विश्लेषण गर्ने हो भने आगामी निर्वाचनमा विचार भन्दा भिडले नै महत्त्व पाउने देखिएको छ।

भिडसँग विचार हुँदैन। लहलहैमा मान्छेहरू भिडको पछि लाग्ने गर्छन्। भिड विचार शून्य एकोहोरो र अन्धा हुन्छ। त्यस्तो भिडले उचित निर्णय गर्न सक्दैन। विचारले भन्दा भिडको बलले निर्वाचन जितेको खण्डमा देशमा थप अराजकता निम्तिन सक्छ। देशको भविष्य निर्माण गर्ने निर्वाचनमा भिडले होइन विचारले प्राथमिकता पाउनुपर्छ र देशको भविष्यको भाग्यरेखा कोर्नुपर्छ।

# ल्हालुका भूदासहरूको अभियोग

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

२० वर्षीय युवक डुसु (Dusu) ले ल्हालुका हातबाट धेरैपल्ट पिटाइखाएका थिए र ४९ दिन कारागारमा थुनिएका थिए ।

एकपल्ट ल्हालु सधैँझैं कासागले आयोजना गरेको पार्टीमा जानका लागि सइसलाई काठीमा राम्रो भारतीय चकटी तयार गर्न आदेश दियो । घोडा तयार भएपछि ल्हालुले मन फेर्यो र त्यो एक धार्मिक कार्यक्रम भएको हुँदा तिब्बती चकटी नै ठीक हुने ठानेर तिब्बती चकटी तयार गर्ने आदेश दियो ।

'त्यस चकटीलाई बदल्दा निकै समय लाग्छ । यसका लागि नरम कपडा खोल नै नयाँ काट्नु पार्ने भएकोले मैले समयमा तयार पार्न सकिनँ । त्यसैले उसले मलाई पिट्यो र खुट्टाहरूमा सिक्री बाँधेर एक महिनासम्म कारागारमा राख्यो ।'

अर्को एक समारोहमा डुसुले ल्हासामा राती अबेरसम्म ल्हालुलाई कुरिरहँदा थोरै रक्सी खाएर आफूलाई न्यानो पारे । ल्हालुले छिट्टै त्यस कुराको चाल पायो र उसले डुसुलाई ५० कोर्रा लगायो र ४९ दिनसम्म कारागारमा हात च्याप्ने हतकडीमा राख्न लगायो । कारागारबाट बाहिर आइसकेपछि ल्हालुले उनलाई ५० वटा ठुला ढुङ्गाहरू बोकाएर पाँच दिनमा एक्लैले पर्खाल बनाउन लगायो । यदि उनले समयमै त्यो काम नसिध्याएको भए अर्को यातना भोग्नपर्ने डरले उनले ठुल-ठुला ढुङ्गाहरू सकिनसकी बोके । यसले गर्दा लामो समयसम्म उनलाई जीउ दुख्ने व्यथा लाग्यो ।

त्यसपछि डुसुलाई विनाअनुमति ल्हासा नजानु भन्ने कठोर आदेश दिइयो । तर ल्हासामा हुने बत्तीको ठुलो पर्वमा उनी ल्हासा गए । त्यो ठुलो पर्वमा सबैजना जान्थे । 'त्यसैले ल्हालुले मेरा खुट्टामा सिक्रीहरू बाँधेर काम गर्न लगायो । त्यसपछि उसले मलाई आफ्नो घोडाको दौड गर्ने बेलासम्म कारागारमा थुनिराख्यो ।'

डुसुले भने, 'ल्हालुकहाँ काम गरुन्जेलसम्म आफ्नै आँखाले ५७ जनालाई यातना दिएको र २३ जनालाई घरबाट निकालेर सडकमा पुर्याएको देखें । ल्हालुकहाँ काम गर्ने भूदास तथा स्थायी दासहरू उसबाट राम्रो लत्ताकपडाको आश गर्दथे । तर ल्हालु कहिल्यै त्यस्तो राम्रो लुगा दिँदैनथ्यो । त्यसैले भूदासहरूले राम्रो लुगाका लागि ऋण लिन्थे ।'


डुसुले मालिकका लागि पूरा समय काम गर्ने र खानाको अर्को कुनै स्रोत नभएका घरेलु भूदासहरू नानसामको खानाको बारेमा पनि विस्तृत रूपमा बताए । तिनीहरूलाई वर्षभरिमा २० केस (Kes) (५५० पाउण्ड) जौ दिने भनिए पनि पूरा मात्रा कहिल्यै दिइँदैनथ्यो । रासनलाई जौको खानाको रूपमा दिइँदैनथ्यो । तिब्बतको मुख्य खाना 'जाम्बा' जौ पेलेर बनाइने भएकोले अन्तिम स्वरूपमा वास्तवमा पूरा रासन हुँदैन । योभन्दा बढी भूदासहरूले गर्मीयाममा तीन खेप र जाडोयाममा तीन शेप ल्हाको सिम्गात्सेको जमिनदारीबाट बोकेर ल्याउनुपर्थ्यो । यसरी ल्याउँदा श्री दिनहरूको यात्रा गर्नुपर्थ्यो । गर्मीयाममा जौ पग्लेर भिज्ने र च्यापच्याप भाग्ने र छिट्टै बिग्रिने हुन्छ । जाडोयामको जौमात्र राम्रो हुन्छ । तिनीहरूलाई तीन केस ( Kes) (२३ पाउण्ड) घ्यू दिने भनिए पनि त्यो कहिल्यै दिइँदैनथ्यो । राम्रो वर्षहरूमा तिनीहरूले १० पाउण्डसम्म घ्यू पाउँथे तर विगतका वर्षहरूमा ल्हालुले विद्रोही सेनालाई घ्यू दिएकाले तिनीहरूले घ्यू पाएनन् ।

पत्रकारहरूको समूहसँग प्रतिप्रश्नहरू गर्न र ती आरोपहरू सत्य हुन् या होइनन् भन्ने जान्नका लागि समय थिएन । ल्हालु अथवा तिनको कारिन्दाले गरिएको भनिएका ती कार्यहरू तिनीहरूले व्यक्तिगत रूपले गरेको कुरामा शङ्का थियो । कतिपय आरोपहरू व्यक्तिलाई लगाए पनि ती दासप्रथाकै खराब तत्वहरू थिए भने कतिपय कुराहरू दासप्रथामा सर्वस्वीकृत चलनहरू थिए ।

यी सबै विस्तृत बयानहरू अदालतमा आवश्यक पर्न सक्ला, तर त्यस बैठकमा आवश्यक थिएन । महत्त्वपूर्ण कुरा के हो भने भूदासहरूको मनमा वर्षौंदेखि गुम्सिएर रहेका गुनासाहरू त्यस बैठकबाट आवाज भएर बाहिर निस्के । ती गुनासाहरू अनन्त थिए । बैठकभरिमा ती सबैलाई विस्तृत रूपमा अनुवाद गर्नु असम्भव थियो ।

भूतपूर्व भूदासहरू आफ्ना दु:ख र सासनाहरू बताउन उत्साहित हुँदा र तिनीहरूलाई अरुहरूले नारा लगाएर समर्थन गर्दा के स्पष्ट झल्किन्थ्यो भने त्यहाँ सीमाहरू थिए र तिनीहरूले बुझेका थिए । अरु किसानहरूले ल्हालुलाई पछाडि तान्दा रोक्ने युवकहरूले मात्र होइन ल्हालुको मृत्युको मागको नारा नलगाउनेहरूले पनि बुझेका थिए । ल्हालुलाई 'हत्यारा' भन्ने ती किसानहरूका नजिकका व्यक्तिहरू, नातागोताहरू समेतले बदलामा मृत्युदण्ड भनेनन् । सबैको माग भनेको 'पश्चाताप गर । गल्ती स्वीकार ।' भन्ने थियो । त्यहाँ एक जना 'त्यस विद्रोहीको टाउको फोर' भन्ने चिच्याएको सुनियो । तर लगत्तै अरु नाराहरू सुनिए जसले ल्हालुको भौतिक शरीरमाथि आक्रमण गर्नुभन्दा पनि उसको शक्ति खत्तम गर्नुपर्छ भन्ने कुरालाई इंगित गरेको थियो । तिनीहरू कराए 'पुराना सत्ता शक्तिका कागजहरूनष्ट गर । यातनाका ज्यावलहरू नष्ट गर । ठगी गर्ने मापहरू नष्ट गर र ऋणका तमसुकहरू च्यात ।' त्यसबेला ल्हालुले केही आरोपहरूमात्र स्वीकार्यो । तर उसले धेरै आरोपहरूलाई स्वीकार गरेन । मानिसहरू सन्तुष्ट भएनन् ।

बैठकमा अशान्ति छायो । एकैचोटी दर्शक दीर्घाबाट युद्धको आवाजजस्तै ठुलो आवाज आयो 'ऋणहरू खत्तम गर । ऋणहरू समाप्त पार ।' एक जना अग्लो मानिसले जमिनदारको घरबाट कागजहरूले भरिएको ठुलो डोको तानेर ल्याए । धेरै मानिसहरूले उसलाई साथ दिएका थिए । ल्हालुका कारिन्दाले 'ऋणहरूका कागजातहरू' ल्यायो । उसले बाकस तानेर ल्यायो । त्यसरी नै धेरै वटा बाकसहरू खुला जमिनमा, ल्हालुको घरको आँगनमा ल्याइए । आरोप-प्रत्यारोप रोकियो, मानिसहरू ल्हालुलाई हेर्न छोडेर तिनका कारिन्दा र बाकसहरू तथा ऋणहरूका कागजातहरू भएका डोकाहरू हेर्न थाले । यातना दिने ज्यावलहरू तथा ठुल ठुला कोर्राहरू पनि ल्याइपुर्याइए, बाकसहरू नजिकै बिसाइए । कारिन्दाले ती कागजातहरू पढ्न थाल्यो र ती कागजहरू आदालतको ढुङ्गाको खम्बामा राख्यो । कागजहरूको चाङ बस्दै गयो । 'झारा ( Ula) श्रम सम्झौता' .... 'खम्बा-कर' .... 'बीउको लागि अन्न ऋण' । यीमध्ये केही ऋणहरू पुस्तौं पुस्तासम्म चलिरहेको थियो । बीउ ऋण हजबाको पालामा अथवा आफ्नो साति लिएको हन्थ्यो र त्यसको व्याज कहिल्यै तिर्न नसक्ने मात्रामा बढिसकेको हुथ्यो । सम्भवत: ती ऋणहरू बीउ ऋणहरू मात्रै नभएर चोरीको झठो आरोपबाट रोका ऋणहरू अथवा लगाका लागि लिएका ऋणहरू, मालिकले मागेको झारा इमवाट लागेका ऋणहरू अथवा अन्य कनै पनि बहानामा मालिकले लादेका इणहरू पनि थिए ।




## सामन्ती तमसुकहरू ल्हालुको आँगनमा जलाइँदै

तिब्बत स्वायत्त प्रदेशको तदर्थ समितिले जुलाई १७ को पुनर्स्थापनाबाट सबै प्रकारको 'सामन्ती ऋणहरू' लाई गैरकानुनी घोषित गरिसकेको थियो । १९५९ मा लिएको 'व्यापार ऋण' मा मात्रै मासिक १ प्रतिशत अर्थात वर्षको १२ प्रतिशत व्याज लाग्थ्यो । जमिनदारहरूलाई कानुन लागू भइसकेको थियो । हरेकले 'सामन्ती ऋण' को अर्थ बुझिसकेका थिए ।

कागजका पानाहरू थुप्रिदै गए । हल्का हावाले पनि ती कागजहरूलाई उडाएर लग्यो र यत्रतत्र छरियो । कागज नछरियोस् भन्नाको निम्ति कोर्रामाथि राखियो । ती कागजमा आगो सल्काइयो । यातनाका ज्यावलहरू पनि कागजको थुप्रोमाथि राखेर जलाइए । भीडबाट ठुलो आवाज सुनियो । कागज र ज्यावलहरू जलेर आगोको ठुलो मुस्लो निस्क्यो । मानिसहरूले आगो तापे ।

ल्हालु सिधा बस्यो र आफ्नो टाउको उठायो । उसले कुनै प्रतिक्रियाबिना नै आफ्नो सामन्ती शक्तिका ती कागजातहरू जलिरहेको एकटक हेरिरह्यो । त्यसपछि केही सुरक्षाकर्मीहरू उसलाई लिन आए । ऊ हतकडीविना नै फर्क्यो ।

भूतपूर्व भूदासहरूले आगो निभेको र खरानी यत्रतत्र छरिएको हेरिसकेपछि हाम्रो टोली स-साना समूहहरूमा बाँडिएर जमिनदारको घर हेर्न गयौं । तल्लो तल्ला भूदासहरू बस्नका लागि र भण्डार कोठाको लागि प्रयोग गरिन्थ्यो । भूइँमा ढुङ्गा बिछ्याएको र पर्खाल पनि ढुङ्गाकै र धेरै सानो एउटा झ्याल भएको कोठा व्यक्तिगत कारागारको रूपमा प्रयोग हुन्थ्यो । तिब्बती खान्दानीहरूको घरको चलनजस्तै ल्हालुको कोठा माथिल्लो तल्लामा थियो । ऊ नियमित त्यहाँ कहिल्यै बसेन, ऊ ल्हासा वा चाम्दोमा आफ्नो सरकारी पदअनुसार बस्थ्यो ।

त्यस रात पाहुना घरमा राती दुईजना अनुवादकहरूसँगै बसेर पत्रकारहरूले तयार गरेका टिपोटहरूको जाँच गरिरहँदा स्थानीय प्रतिनिधिहरूले हामीलाई आरोप दिए । त्यो बैठकमा पत्रकारहरूले भाग लिएको बैठकभन्दा पनि तीखो र कडा बैठकभन्दा अघिल्लो २६ जुलाईको दिन भएको बैठकको टाइप गरिएको कागजात आरोपहरू लगाइएका थिए । बैठकमा विभिन्न ठाउँहरू राखिएको थियो र साक्षीहरू चाम्दोदेखि ल्याइएका थिए । ल्हासा बैठकमा दुईवटा राजनैतिक हत्याहरूको आरोप पनि संलग्न थियो र जनताबाट ठुलो मात्रामा आरोपहरू आएका थिए । तिनीहरू पहिले ल्हालुका साइबा थिए र पछि तिनीहरू साइबाबाट निकालिएर सडकमा माग्न पुगेका थिए ।

मालिकहरूलाई धनी बनाउन मरिमेटेर काम गर्ने साइबाहरू अन्तत: सडकमा मगन्ते भएका यस्ता धेरै कथाहरू छन् । ती असङ्ख्य आरोपहरूले यी प्रक्रियालाई छरपस्ट पारेका थिए ।

सबभन्दा महत्त्वपूर्ण आरोप प्रख्यात देशभक्त तिब्बती नेताहरू बुद्ध गेडा (Buddha Geda) र राज्यसहायक राबछेन (Regent Rabchen) को राजनैतिक हत्याकाण्डसँग सम्बन्धित थियो । मुक्तिभन्दा अघि बेलायती दलालहरूले तिनीहरूको हत्या गरेका थिए । वर्तमान दलाइ लामाका सुरुको आठ वर्षसम्म राज्यप्रतिनिधि रहेका माथिल्ला दर्जाका बुद्ध रावछेन हुटुकु (Rabchen Hutuku) लाई पक्रेर १९४७ मा कारागारभित्रै घाँटी निमोठेर मारियो । जीवित बुद्ध गेडा सन् १९५० मा चाम्दोमा अचानक मरे । विषका कारण मरेको लक्षण देखिए पनि तिनको मृत शरीरलाई अधिकारीहरूले हतार-हतार जलाएको कारण परीक्षण हुन सकेन । चाम्दोका अधिकारी ल्हालु र बेलायती प्रतिनिधि रोवर्ट फोर्ड (Robert Ford) लाई चिनियाँहरूले यसका लागि दोषी माने । जनमुक्ति सेनाले चाम्दोलाई अधीनमा राखेपछि फोर्डलाई केही वर्षसम्म कारागारमा राखियो र अन्तमा छोडियो । उसले बेलायतमा आफू निर्दोष भएको दाबी गर्दै किताब लेख्यो । उसले आफूलाई हत्यारा को हो भन्ने थाहा भएको तर बताउन नसक्ने उल्लेख गर्यो । फोर्डले ल्हालुको बयान गरेबाट नै हत्यारा को हो भन्ने कुरा इंगित गर्थ्यो ।

जीवित बुद्ध गेडाका दाजु सावा बान्देन (Tsaba Banden) ल्हालुविरुद्ध बयान दिन चाम्दोदेखि ल्हासामा पुगे । तिनले 'मैले गेडालाई मारेको देखें' भनी बताए । सम्वाददाताको टिप्पणीअनुसार गेडाका दाजुलाई देखेर ल्हालुको अनुहार अँध्यारो भएको थियो । साक्षीहरूले ल्हालुलाई 'विषालु राक्षस' र 'साम्राज्यवादीहरूको दलाल' भने पनि प्रतिवेदनमा मैले ठोस प्रमाण भेटाइनँ । राज्यप्रतिनिधि राबछेनको हत्याको प्रमाण बलियो थियो । सेरा मठ (Sera monastery) का सबैजना लामाहरूले ल्हालुलाई 'जनतालाई माया गर्ने वेत बुद्धको हत्या गरेको' आरोप लगाए । राबछेनका एकजना सेवकले कारागारमा घटेका घटनाहरू देखेको बताए ।

डनसुछेनचुन (Duntsuchienchun) नामका त्यस नोकरले आफ्ना पाखुरा तिघ्रामा भएको त्यसबेला लागेको घाउहरू देखाए ।

'यी खत बसेको घाउहरूलाई हेर्नुस् । यी यो ब्वासोले बनाएका घाउहरू हुन् । यसले आफ्नै हातले राज्यप्रतिनिधि जीवित बद्धको घाँटी निमोठ्यो ।' यसपछि ल्हालुतिर फर्केर उनले भने 'तिब्बती भित्तेपात्रोअनुसार १९४७ को गार्च १७ को दिन तिमीले आफ्नै हातले उनको घाँटी निमोठेको मैले देखें । त्यसपछि उनका नोकरहरूले हामी सबैलाई धपाए र कोर्रा लगाएर यस्तो बनाए । अहिले जनताको सरकार आएको छ - तिमीले गरेको अन्यायका लागि तिमीमाथि सजाय होस् भन्ने म माग गर्दछु ।' ल्हासा अदालतमा ल्हालुविरुद्ध दिइएका बयानहरू र प्रमाणहरूमाथि कुनै शङ्का छैन । मैले ल्हासामा भेटेका कसैले पनि ल्हालुले नै यस्तो गरेको भन्ने कुरामा शङ्का गरेनन् ।

हामी सहभागी भएको अभियोग बैठकमा गैले एकजना अध्यक्षसित प्रश्न गरें -'ल्हालुलाई कस्तो कारबाही गरिन्छ ?'

'यो कुरा ल्हालुमा भरपर्छ' तिनले जवाफ दिए । 'यदि उसले पश्चाताप गर्यो र सरकारलाई आफू विगतभन्दा बदलेको विश्वास दिनसक्यो भने उसलाई इंडिनेछ र उसको योग्यताअनुसारको काम दिइनेछ । तर यस्तो हुन सक्दैन । उसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरै मानिसको हत्या गरेको छ । तर यसले मृत्युदण्डको सजाय नै दिनु जरुरी छैन । उसलाई कम्तीमा केही समयसम्म नियन्त्रणमा लिइनेछ र श्रमिकहरूबाट पुन: शिक्षित गराइनेछ । धेरैजना विद्रोहीहरू साताको विद्युत् परियोजनाको निर्माणमा काम गरिरहेका छन् ।'

'आरोपहरूबाट अदालतमा उसलाई उसको अपराधहरूका लागि मृत्युदण्ड हुने देखिन्छ । यसको मतलब उसलाई मृत्युदण्ड दिने भनेको होइन । हामीसँग माको मृत्युदण्डको सजायमा पनि दुई वर्षको कानुनी व्यवस्था छ । यदि दुई वर्षमा उसले आफूलाई नयाँ मानिसका रूपमा प्रस्तुत गरेमा मृत्युदण्डको सजाय हुँदैन । तीनवटा अदालतहरू तल्लो अदालत, प्रान्तीय अदालत र अन्तमा पेकिङको सर्वोच्च अदालतबाट स्वीकृति नभएसम्म मृत्युदण्डको सजाय हुनसक्दैन । ल्हालुलाई तत्कालै राम्रो वा नराम्रो केही पनि गर्न सकिंदैन । उसको भविष्य अब गर्ने उसका कार्यहरूले देखाउँछ ।'

'तपाईंहरूले ल्हालुलाई लगाएको आरोप बैठकको निम्ति तिनको बाइसवटै जग्गामा लग्नुहुन्छ ?' - मैले सोधें ।

'सम्भवत: होइन । यो किसानहरूको माग र प्रशासनले ल्हालुलाई कसरी व्यवहार गर्छ भन्ने कुरामा भर पर्छ । उसका सबै जमिनदारीमा अभियोग लगाउन मानिसहरू चाहन्छन् । तर ल्हासा नजिकका उसका धेरैजसो किसानहरू ठुलो जनसभामा आइसकेका छन् । तिनीहरूले यी दुईवटा बैठकहरू पर्याप्त भएको निर्णय गर्नसक्छन् । सान फान (San fan) र शुयाङ्ग चियान (Shuang Jian) को अवधिमा यो बन्द हुनेछ ।'

## ल्हालुबाट नियन्त्रणमा लिइएको 'जमिन जोत्नेलाई'

उनले 'प्रजातान्त्रिक सुधार' लाई दुई चरणहरूमा सम्पन्न गर्ने बताए । 'अहिलेको चरण भनेको सान फान र सुयाङ्ग चियान, 'तीनवटा कुराको उन्मूलन र दुईवटा कुराहरू घटाउनु' हो । त्यसमा जबरजस्ती लादिने झाराप्रथा र व्यक्तिगत नोकरचाकर राखिने कुराको र विद्रोहीहरूको उन्मूलन गर्नु र जग्गाको कूतदर र व्याजदर घटाउनु हो । जुलाई १७ को दिन तिब्बतको स्थानीय सरकारले लागू गरेको यस नीतिलाई जनताको माझमा कार्यान्वयन गर्नुपर्दछ ।'

'यी बैठकहरूबाट जनताले अब आफूहरूले खान्दानीहरूको कुरालाई स्वीकार्न तथा उनीहरूप्रति वफादार रहन नपर्ने र हरेकले पालना गर्नुपर्ने कानुनको प्रमुख स्रोत आफूहरू स्वयं भएको बुझे । यसले किसान सङ्गठनको प्रतिनिधित्व गर्छ र यी नै सहरी र प्रान्तीय सरकार बन्दछ । खान्दानीहरू र मठहरूको पुरानो स्थानीय सरकारलाई पहिले नै सैनिक मुख्यालयले हटाइसकेको छ । अब सैनिक मुख्यालयले तिब्बती जनताको सरकार बनाउने बाटो दिनुपर्छ । यो काम सकिएपछि हामी दोस्रो चरणको काम थाल्नेछौं । जमिन किसानहरूलाई वितरण गर्ने प्रक्रिया सुरु हुन्छ । तदर्थ समितिले पहिले नै खान्दानीहरूको जमिन खरिद गर्न मोलमोलाई गरिसकेको छ । नयाँ स्थानीय सरकारले यसको वितरणको जिम्मा लिनेछ । ती अभियोग बैठकहरू अस्थायी चरणमात्रै थिए ।'

*स्रोत : तिब्बतका भू-दासहरू उठ्दा*



ल्हालुबाट नियन्त्रणमा लिइएको 'जमिन जोत्नेलाईं'



इरानी ड्रोन बम हमलाबाट आंशिक रूपमा क्षतिग्रस्त बनेको साउदी अरेवियाको राजधानी रियादस्थित अमेरिकी राजदूतावास भवन मार्च ३, २०२६ का दिन। यही भवनबाट मध्यपूर्वमा अमेरिकी गुप्तचर विभाग -सिआइए सञ्चालन भइरहेकोले यसै भवनलाई निशाना बनाइएको बताइएको छ।

*तस्बिर : एएफपी*

# इरानी 'आणविक प्रतिष्ठानमा आक्रमण भएको कुनै सङ्केत छैन' : आईएईए

भियना, ३ मार्च (एएफपी)। अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय ( आईएईए) उनको एजेन्सीले इरानमा अमेरिका र इजरायलको आक्रमणपछि कुनै पनि आणविक प्रतिष्ठानमा क्षति पुगेको वा क्षति भएको 'कुनै सङ्केत नभेटिएको' संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार जानकारी गराउनुभएको छ।

आईएईएका लागि इरानी प्रतिनिधि रेजा नाजाफीले प्रमुख आणविक स्थल नातान्जमा आक्रमण भएको बताउनुभएको थियो।

इरानसम्बन्धी निकायको 'बोर्ड अफ गभर्नर' को असाधारण सत्रको उद्घाटन गर्दै आईएईएका प्रमुख राफेल ग्रोसीले सबै पक्षहरूलाई तनाव बढ्नबाट बच्न अधिकतम संयम अपनाउन आग्रह गर्नुभयो।

"इरानमा आणविक प्रतिष्ठानहरूको स्थितिको बारेमा, अहिलेसम्म हामीसँग बुशहर आणविक ऊर्जा संयन्त्र, तेहरान रिसर्च रिएक्टर वा अन्य आणविक इन्धन चक्र सुविधाहरूसहित कुनै पनि परमाणु प्रतिष्ठानहरू क्षतिग्रस्त भएको वा प्रभावित भएको कुनै सङ्केत भेटिएको छैन," उहाँले भन्नुभयो।

आईएईएले इरानी आणविक नियामक अधिकारीहरूसँग सम्पर्क गर्ने प्रयास गरिरहेको उसले जारी गरेको आफ्नो विज्ञप्तिमा ग्रोसीले भन्नुभयो।

"हामी आशा गर्दछौँ कि सञ्चारको यो अपरिहार्य मार्ग सकेसम्म चाँडो पुनः स्थापित हुनेछ," उहाँले थप्नुभयो।

नातान्ज आणविक स्थलमा आक्रमण भएको दावी गर्दै अमेरिकाले इरानमाथि परमाणु बम बनाउन खोजेको आरोप 'आक्रमण र आक्रमणको बहाना' भएको उहाँले बताउनुभएको छ।

उहाँले एएफपीसँग भन्नुभयो, "इरानको आणविक ऊर्जा सङ्गठनका प्रमुखले हिजो महानिर्देशकलाई पत्र पठाएर नातान्ज आणविक केन्द्रमा आक्रमण भएको जानकारी गराउनुभएको थियो।"

ग्रोसीले सोमबार राति एक पत्रकार सम्मेलनमा 'उहाँ बोर्डमा आफ्नो भनाइमा अडिग भएको' बताउनुभयो।

"हामीले उनीहरूको सुविधाहरूलाई लक्षित गरी ठुलो सैन्य गतिविधि भएको देखेका छैनौँ। हामीले विभिन्न स्याटेलाइट तस्बिर हेरिरहेका छौँ। त्यहाँ केही हुन सक्छ, तर हामीले अघिल्लो पटक देखेको भन्दा कुनै पनि हिसाबले महत्त्वपूर्ण वा तुलनात्मक भिन्नता छैन," उहाँले भन्नुभयो।

गत वर्ष जुन महिनामा भएको १२ दिने युद्धमा इजरायल र अमेरिकाले नातान्जलगायत इरानका प्रमुख आणविक केन्द्रहरूमा आक्रमण गरेका थिए, जहाँ त्यसयता आईएईएका निरीक्षकहरूलाई भ्रमण गर्न अनुमति दिइएको छैन।

**धेरै चिन्ताजनक**

ग्रोसीले आफ्नो प्रारम्भिक वक्तव्यमा इरानमाथि आक्रमण र त्यसको जवाफी क्षेप्यास्त्र आक्रमणपछि मध्यपूर्वको अवस्था 'धेरै चिन्ताजनक' भएको बताउनुभएको थियो।

उहाँले भन्नुभयो, "सैन्य आक्रमणमा परेका इरान र यस क्षेत्रका अन्य धेरै देशसँग आणविक ऊर्जा प्लान्टहरू र आणविक अनुसन्धान रिएक्टरहरू र सम्बन्धित इन्धन भण्डारण स्थलहरू छन्, जसले आणविक सुरक्षामा खतरा बढाएको छ।

ग्रोसीले कूटनीतिक वार्ता 'जतिसक्दो चाँडो' पुनः सुरु गर्न आह्वान गर्नुभएको थियो।

गत महिना जेनेभामा भएको इरान र संयुक्त राज्य अमेरिकाबिच इरानको आणविक कार्यक्रमबारे भएको दुई चरणको वार्तामा ग्रोसी सहभागी हुनुभएको थियो।

उहाँले भन्नुभयो, "यसपटक दलहरूबिच समझदारी हुन सकेन। म निश्चित छु कि हामी स्पष्ट रूपमा व्यापक निराशाको भावना महसुस गरिरहेका छौँ।"

यो असाधारण बैठक ३५ देशहरूको प्रतिनिधित्व गर्ने आईएईएको बोर्ड अफ गभर्नरको पहिले नै निर्धारित नियमित सत्रभन्दा पहिले भएको थियो।

तेहरानको प्रमुख सहयोगी रुसको अनुरोधमा भियनास्थित उक्त निकायको असाधारण बैठक बोलाइएको थियो।

संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमा देशहरू र इरानको कट्टर शत्रु इजरायलले इस्लामिक गणतन्त्रले आणविक हतियार प्राप्त गर्न खोजेको आरोप लगाउने गरेका छन्।

तेहरानले त्यस्ता सैन्य महत्त्वाकाङ्क्षाहरू अस्वीकार गर्दछ तर नागरिक उद्देश्यका लागि इरानले प्रविधिमा आफ्नो अधिकारमा जोड दिन्छ।

# बुल्गेरियाली पूर्वराष्ट्रपति गठबन्धन गरेर निर्वाचनमा जाने घोषणा

सोफिया, बुल्गेरिया, ३ मार्च (एएफपी)। बुल्गेरियाका पूर्वराष्ट्रपति रूमेन राडेभले अर्को महिना हुने मध्यावधि निर्वाचनमा भाग लिनका लागि गठबन्धन गरेको मङ्गलबार घोषणा गर्नुभएको छ।

उहाँको समूह पाँच वर्ष यता भएको आठौँ पटकसम्मको मतदानमा शीर्ष स्थानमा रहेको छ।

डिसेम्बरको मध्यमा कन्जरभेटिभ नेतृत्वको सरकारलाई भ्रष्टाचारविरोधी प्रदर्शनले सत्ताबाट हटाएपछि नयाँ राजनीतिक अनिश्चितता निम्त्याएपछि अप्रिल १९ का लागि मतदानको मिति तोकिएको थियो।

प्रदर्शनलाई समर्थन गर्ने रुमेन राडेभले करिब १० वर्षपछि राष्ट्रपति पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो।

पूर्व वायु सेना कमान्डर राडेभ आफैँ संसद् सदस्यका लागि प्रतिस्पर्धामा उत्रिनुहुनेछ वा सहभागी हुनुहुने छैन अझै स्पष्ट छैन।

"आज हामीले संसदीय चुनावमा भाग लिनको लागि केन्द्रीय निर्वाचन आयोगसँग प्रोग्रेसिभ बुल्गेरिया गठबन्धन दर्ता गरेका छौँ," ६२ वर्षीय पूर्व राष्ट्रपतिले फेसबुकमार्फत घोषणा गर्नुभयो।

उहाँको समूहले 'कुलीन र भ्रष्ट मोडेललाई भत्काउनेछ' र "स्वतन्त्रता, एकता र न्यायको लागि, र बुल्गेरियाको आधुनिक, लोकतान्त्रिक युरोपेली राज्यको रूपमा विकासको लागि आह्वान गर्नेछ।" उहाँले थप्नुभयो।

फेब्रुअरीमा प्रकाशित सर्वेक्षणहरूले राडेभको तीन पार्टी गठबन्धन निर्वाचनमा पहिलो हुन सक्ने सङ्केत गरेका छन्। एक सर्वेक्षणका अनुसार उहाँको गठबन्धनले एक तिहाइ मतले जित्न सक्ने प्रक्षेपण गरिएको छ।

उहाँ पहिलो पटक सन् २०१६ मा राष्ट्रपति निर्वाचित हुनुभएको थियो। उहाँको उम्मेदवारीलाई परम्परागत रूपमा रुस समर्थक मानिने समाजवादीहरूले पनि समर्थन गरेका थिए।

सन् २०२० मा व्यापक भ्रष्टाचारविरोधी प्रदर्शनको उहाँको समर्थनले चुनावको श्रृङ्खलालाई सुरु गरेको थियो र उहाँलाई सन् २०२१ मा राष्ट्रपतिको रूपमा दोस्रो कार्यकाल जित्न प्रेरित गरेको थियो। उहाँले युक्रेनलाई सैन्य सहायतामाथि प्रश्न उठाउनुभएको छ।

गत महिना जर्मन दैनिक बर्लिनर जाइटुङलाई दिएको अन्तर्वार्तामा उहाँले 'यो द्वन्द्वमा थप कूटनीति भएको हेर्न चाहेको' बताउनुभएको थियो।

उहाँले भन्नुभयो, "अहिलेसम्म हामीले सबै कूटनीतिक उपाय अवलम्बन नगरिकन मुख्यतया सैन्य र आर्थिक सहयोगमा ध्यान केन्द्रित गरेका छौँ।"

# फ्रान्सले युरोपलाई जोगाउन आणविक हतियार बढाउने

इले लङ्गु, ३ मार्च (एएफपी)। राष्ट्रपति इम्यानुएल म्याक्रौँले सोमबार फ्रान्सले आफ्ना परमाणु हतियारहरूको सङ्ख्या बढाउने र महाद्वीपको रक्षाका लागि आठ देशहरूसँग सहकार्य गर्ने बताउनुभएको छ।

युक्रेनविरुद्ध रूसको युद्ध पाँचौँ वर्षमा प्रवेश गरेको छ। नेटो सहयोगीहरू वाशिङ्गटनको डगमगाउने प्रतिबद्धताको बारेमा चिन्तित छन्। यसैबिच, आवश्यकताको सिद्धान्तमा जोड दिँदै फ्रान्सको इले लङ्गु आणविक पनडुब्बी शिविरबाट गरेको सम्बोधनमा म्याक्रौँले देशको परमाणु सिद्धान्तलाई अद्यावधिक गर्नुभयो।

मध्यपूर्वलाई अस्थिर बनाउने खतरा रहेको इरानविरुद्ध अमेरिका र इजरायलले आक्रमण गरेपछि उहाँले यस्तो बताएका हुन्।

म्याक्रौँले भन्नुभयो, "हामीले धेरै खतराहरूको सामना गर्दै हाम्रो आणविक प्रतिरोधलाई बलियो बनाउनुपर्छ र हामीले हाम्रो सार्वभौमिकताको पूर्ण सम्मानका साथ युरोपेली महाद्वीपभित्र हाम्रो प्रतिरोधक रणनीतिलाई विचार गर्नुपर्छ।"

उहाँले घोषणा गर्नुभयो, "म उन्नत प्रतिरोधको क्रमिक कार्यान्वयन गर्छु।"

उहाँले थप्नुभयो, "हाम्रो शस्त्रागारको स्तरोन्नति गरिनु आवश्यक छ। त्यसैले, मैले हाम्रो शस्त्रागारमा परमाणु हतियारको सङ्ख्या बढाउन आदेश दिएको छु।"

फ्रान्ससँग विश्वको चौथो ठुलो आणविक हतियार छ, जसमा लगभग २९० 'वारहेड' रहेको अनुमान गरिएको छ।

फ्रान्सले प्रस्ताव गरेको 'अत्याधुनिक' आणविक प्रतिरोध योजनामा जर्मनी, बेलायत र पोल्यान्डसहित आठ युरोपेली देश सहभागी हुन सहमत भएको म्याक्रौँले बताउनुभयो।

"नेदरल्यान्ड्स, बेल्जियम, ग्रीस, स्वीडेन र डेनमार्क पनि समावेश भएका देशहरूले फ्रान्सेली 'रणनीतिक वायु सेना' को लागि सहयोग गर्न तयार हुनेछन्, जसले 'हाम्रा प्रतिद्वन्द्वीहरूको हिसाबलाई जटिल बनाउन' र 'युरोपेली महाद्वीपमा विस्तार' सम्भव हुनेछ," उहाँले भन्नुभयो।

म्याक्रौँले भन्नुभयो, "यो योजनाले हाम्रो आणविक गतिविधिमा मित्र राष्ट्रहरूको परम्परागत सहभागितालाई पनि समावेश गर्न सक्छ, जस्तै हालैको सैन्य अभ्यासमा बेलायती सेना संलग्न थियो।"

इले लङ्गु शिविरमा फ्रान्सका चार पनडुब्बी ब्यालेस्टिक मिसाइल 'ट्रिओम्फन्ट, ले टेमेरेरे, ले भिजिलान्ट र ले टेरिबल' छन्।

आणविक प्रतिरोध सुनिश्चित गर्न कम्तिमा एउटा समुद्र बाहिर छ।

# बहराइन, जोर्डन र इराक छाड्न अमेरिकी नागरिकलाई विदेश मन्त्रालयको निर्देशन

वासिङ्टन, ३ मार्च (एएफपी)। अमेरिकाले बहराइन, जोर्डन र इराकमा सुरक्षा सेवामा रहेका कर्मचारीबाहेक अन्य गैर-आकस्मिक सेवामा कार्यरत अमेरिकी नागरिकलाई ती मुलुकबाट जतिसक्दो छिटो बाहिरिन सूचना जारी गरेको छ।

अमेरिकी विदेश मन्त्रालयले मङ्गलबार बहराइन र जोर्डन छाड्न गैर-आकस्मिक सेवाका कर्मचारीहरूलाई आदेश दिएको हो। इरानले अमेरिका-इजरायली आक्रमणको प्रतिकार गरिरहेको अवस्थामा नागरिकको सुरक्षालाई मध्यनजर गर्दै यो सूचना जारी गरिएको हो।

मन्त्रालयले एक्समा गरेको पोष्टमा भनेको छ, "गैर-आकस्मिक सेवामा रहेका अमेरिकी सरकारी कर्मचारी र सरकारी कर्मचारीका परिवारका सदस्यहरूलाई प्रतिबिम्बित गर्दै विदेश मन्त्रालयले अमेरिकी नागरिकलाई बहराइन, जोर्डन र इराकमा यात्रा नगर्न सुझाव दिएको छ।"

एक छुट्टै पोस्टमा मन्त्रालयले भनेको छ, "अमेरिकाले इराक यात्रा निर्देशन अद्यावधिक गरिएको थियो कि यसले सोमबार "सुरक्षा चिन्ताका कारण गैर-आकस्मिक अमेरिकी सरकारी कर्मचारीहरूलाई इराक छोड्न आदेश दिएको थियो। त्यसमा उनीहरूका आफन्तको उल्लेख गरिएको थिएन।"

यसैबिच अमेरिका-इजरायलले इरानमाथि गरेको संयुक्त आक्रमणमा दर्जनौं सर्वसाधारणको मृत्यु भएको तेहरानले बताएको छ।

इरानको रिभोलुसनरी गार्ड्सले बहराइनमा रहेको अमेरिकी हवाई अड्डालाई निशाना बनाएको इरानको रिभोलुसनरी गार्ड्सले मङ्गलबार जारी गरेको एक विज्ञप्तिमा उल्लेख छ।

इराकको राजधानी बग्दादमा कालो पोशाकमा सयौँ प्रदर्शनकारीले आइतबार अमेरिकी दूतावास रहेको ग्रिन जोनमा प्रवेश गर्ने प्रयास गरेका छन्।

जोर्डनको राजधानी अम्मानस्थित अमेरिकी दूतावासले सोमबार अज्ञात खतराका कारण अस्थायी रूपमा आफ्ना कर्मचारीहरूलाई खाली गरेको बताएको छ।

साउदी अरबले शनिबार इरानले जवाफी आक्रमण सुरु गरेयता एक दर्जनभन्दा बढी क्षेप्यास्त्र पनि छेदन गरिएको जनाएको छ।

# कतारले ग्यासको उत्पादन रोकेपछि ग्यासको मूल्यमा ४५ प्रतिशत वृद्धि

लन्डन, ३ मार्च (एएफपी)। कतारको राज्यद्वारा सञ्चालित ऊर्जा कम्पनी कतार इनर्जीले आफ्ना दुई मुख्य ग्यास प्रशोधन केन्द्रहरूमा सुविधाहरूमा इरानले आक्रमण गरेपछि तरलीकृत प्राकृतिक ग्यास उत्पादन रोक्दिएपछि युरोपेली ग्यासको मूल्यमा सोमबारदेखि वृद्धि भएको छ।

युरोपेली क्षेत्रका लागि ग्यासको महत्त्वपूर्ण मानिने 'डच टिटिएफ प्राकृतिक ग्यास सम्झौता' अनुसार नै इरानी आक्रमणपछि ग्यासको मूल्यमा लगभग ४५ प्रतिशतले बढेर ४६ यूरो भन्दा बढीमा पुगेको छ।"

इरान युद्धका कारण खाडी क्षेत्रमा ग्यासको आपूर्ति कटौती हुने डरले ग्यासको मूल्य २० प्रतिशतभन्दा बढीले बढेको थियो।

# निर्वाचन अमूल्य मत सदुपयोगको अवसर

● कृष्ण अधिकारी

काठमाडौँ, १८ फागुन । लोकतान्त्रिक प्रणालीमा मतदान औपचारिक कर्म मात्रै होइन, राज्य प्रणालीमा नागरिकको सहभागिता, अधिकार र प्रतिनिधित्व हुने अवसर पनि हो । लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन नै हो । निर्वाचनबाट प्रतिनिधि छानिने मात्र होइन; जनताको सार्वभौम अधिकार प्रयोग गर्ने सबैभन्दा महत्त्वपूर्ण माध्यम हो । समाजमा आर्थिक, सामाजिक वा सांस्कृतिक असमानता भए पनि मताधिकारका हिसाबले सबै नागरिकलाई समान छन् । लोकतन्त्रमा सबै नागरिक बराबर हुन्छन् भन्ने सिद्धान्तले समाजमा रहेको वर्गीय, लैङ्गिक वा क्षेत्रीय विभाजनलाई कम गर्न मद्दत गर्छ । त्यसैले एउटा मत धनीको होस् वा गरिबको, शिक्षितको होस् वा अशिक्षितको सबैको मतको मूल्य समान हुन्छ । यही समानता लोकतन्त्रको नैतिक र राजनीतिक शक्ति हो । गरिब-धनी, शिक्षित-अशिक्षित, सहर-गाउँ, महिला-पुरुष सबैको मत बराबर हुन्छ । त्यसैले लोकतान्त्रिक मुलुकमा निर्वाचन र जनताको मताधिकारलाई उच्च महत्त्वका साथ हेर्ने गरिन्छ ।

लोकतन्त्रमा हरेक मतको अर्थ रहेको हुन्छ । एउटा मतले कुनै राजनीतिक दललाई निर्वाचित गरी बहुमत दिएर सरकारमा पठाउँछ भने अर्कोतिर पराजित मतले एक बलियो प्रतिपक्षी दलको निर्माण गर्दछ । विजय गराउन नपुग भएको मतबाट नै सशक्त प्रतिपक्ष दल बन्ने हुँदा लोकतन्त्रमा निर्वाचन प्रणालीको विशिष्ट महत्त्व रहन्छ भन्ने मान्यतालाई स्वीकार गरिएको हुन्छ । विजयी मतले जत्तिकै महत्त्व पराजित मतको पनि रहने हुँदा हरेक मतदाताले गरेको मतदान खेर जाँदैन । कुनै पार्टीलाई दिएको मत सरकार निर्माण गर्न होस् वा प्रतिपक्षमा उभ्याउन, दुबै अवस्थामा सरकारलाई जवाफदेहिता, पारदर्शीता र उत्तरदायित्वका लागि दबाब दिन काम लाग्छ । लोकतन्त्रको मूल मान्यता भनेकै एक व्यक्ति, एक मत, समान मूल्य हुनु हो ।

निर्वाचनमा जनताको स्वतन्त्र सहभागिता, प्रतिस्पर्धा र समावेशीताले लोकतान्त्रिक मूल्यमान्यतालाई मजबुत बनाउन बल पुग्दछ । लोकतन्त्रको सरातत्व नै जनताको अभिमतमा आधारित शासन प्रणाली भएकाले निर्वाचनका माध्यमबाट त्यसको सुनिश्चित गरिएको हुन्छ । कुनै पार्टी वा उम्मेदवारलाई मत दिँदा सङ्ख्यात्मक हिसाबले जीत हार हुने हो, हरेक मतको उत्तिकै महत्त्व रहेको हुन्छ । त्यही एक मतले जीत र हारको निर्णय गर्ने भएकाले सबै मतले बराबर हैसियत राख्दछ । प्रत्येक मतदाताको मतको मूल्य समान हुन्छ । प्रत्येक मतदाताले मतदान केन्द्रमा पुगेर मत हाल्दा आफ्नो भविष्य, राज्यको दिशा र शासनको स्वरूप निर्धारण गरिरहेको हुन्छ ।

राजनीतिक प्रणालीमा भएका कमीकमजोरीलाई सच्याउन पनि निर्वाचन नै जरुरत पर्दछ । विश्वका कतिपय मुलुकमा पछिल्लो समय ‘नो भोट’ वा ‘राइट टु रिजेक्ट’ वा ‘नन अफ दि एबोभ’ प्रणाली (नोटा) जस्ता अभ्यासहरू पनि प्रयोगमा आएका छन् । यसले नागरिकलाई असन्तुष्टी अभिव्यक्त गर्ने ठाउँ दिए पनि लोकतन्त्रलाई बल पुग्दैन । यसले राजनीतिक नैराश्यता ल्याउने मात्र होइन, असर उम्मेदवार पराजित हुने र खराब वा आर्थिक चलखेल गर्ने व्यक्तिलाई राज्य सञ्चालनमा पुऱ्याउने खतरा ल्याउने हुँदा हरेक मतदाताले आफ्नो मताधिकार प्रयोग गर्ने नैसर्गिक अधिकारको उपयोग गरी असल व्यक्तिलाई चयन गर्ने अवसरबाट बञ्चित हुन दिनु हुँदैन । निर्वाचन बहिस्कार वा असहमतिको फाइदा नागरिकले पाउन सक्दैनन् । सही प्रतिनिधित्वबाट नै राजनीतिलाई सुधार गर्न सकिन्छ र लोकतान्त्रिक अभ्यासलाई सुदृढ गर्न सकिन्छ । निर्वाचन भनेको लोकतन्त्रको आधारशिला हो, जुन जनसहभागिताबिना पूर्ण हुन सक्दैन ।

मतदान नै जनताको आवाज सरकारसम्म पुग्ने औपचारिक माध्यम भएकाले नागरिकले आफ्नो मतमार्फत नीति, नेतृत्व र शासन प्रणालीप्रति समर्थन वा असहमति जनाउँछन् । प्रत्येक मतले शासनको दिशा तय गर्छ, नीति निर्माणलाई प्रभावित गर्छ र राज्यको वैधता सुनिश्चित गर्छ । नागरिकमा आफ्नो मतको कुनै मूल्य छैन भन्ने निराशा जाग्न दिनु हुँदैन । मतको मूल्य घट्दा पैसाको प्रभाव बढ्छ । यसले स्वच्छ प्रतिस्पर्धा कमजोर बनाउँछ र भ्रष्टाचारलाई प्रोत्साहन दिन्छ । यसबाट शासन प्रणालीप्रति वितृष्णा ल्याउने र राजनीतिक अस्थिरता र अधिनायकवाद निम्त्याउने जोखिम रहने भएकाले लोकतन्त्रप्रति विश्वासको वतावरण बनाइराख्न जरुरी हुन्छ । जब निर्वाचनमा ठूलो सङ्ख्यामा मत बदर हुन्छ वा मतदानमा सहभागिता कम हुन्छ, त्यतिबेला निर्वाचित प्रतिनिधिले सम्पूर्ण जनताको प्रतिनिधित्व गर्न सक्दैनन् ।

विश्वमा लोकतन्त्रलाई परिस्कृत शासन प्रणालीको रूपमा लिने गरिन्छ । लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो, जसको निर्णायक भूमिकामा आम नागरिक हुन्छन् र उनीहरूले मताधिकारको माध्यमबाट नै त्यसको प्रयोग गरेका हुन्छन् । कुनै पनि जात, धर्म, लिङ्ग, भाषा वा सामाजिक स्थितिको आधारमा भेदभाव नगरी हरेक बालिग नागरिकलाई मताधिकार सुनिश्चित गरिएको हुन्छ । प्रत्येक नागरिकलाई समानतामा आधारित प्रतिनिधित्वको अनुभव दिलाउँछ अर्थात् प्रत्येक नागरिकलाई निर्णय प्रक्रियामा समान ढङ्गबाट सहभागी हुन, नेतृत्व गर्न र जिम्मेवार बनाउन सशक्त गराउँछ । मिश्रित वा समानुपातिक प्रतिनिधित्व प्रणालीले विविध समुदायको मतलाई प्रतिनिधित्व दिलाउन सहयोग गर्छ । यसले गर्दा मतदातामा मत खेर गएको अनुभूतिलाई कम गर्छ ।

लोकतन्त्र केबल संस्थागत संरचनाले मात्र सुदृढ हुन सक्दैन, यसमा सक्रिय नागरिक सहभागिता अनिवार्य हुन्छ । मतदानमा कम सहभागिता, मत खरिद-बिक्री, बदर मतको उच्च सङ्ख्या र निर्वाचन प्रक्रियामा बढ्न गएमा मतदातामा अविश्वासको वातावरण आउन सक्छ । मतदातामा निराशा हुनु भनेको लोकतन्त्र कमजोर हुनु हो । त्यसैले प्रत्येक नागरिकले मतदानलाई अधिकार मात्र होइन, कर्तव्यका रूपमा लिनु पर्दछ । निर्वाचन उम्मेदवार वा दलको नीतिगत मूल्याङ्कन गर्ने अवसर पनि हो । निर्वाचनप्रति जनविश्वास बढाउन राजनीतिक दलहरूले पनि योग्य, इमान्दार र जनउत्तरदायी उम्मेदवार उठाउनुपर्छ । साथै, चुनावी बाचा पूरा गर्ने संस्कृतिको विकास नगर्दासम्म मतदातामा निराशा घट्दैन । राज्यले निष्पक्ष निर्वाचन सुनिश्चित गर्न स्वतन्त्र र सक्षम निर्वाचनको वातावरण तयार गर्नुपर्छ ।

नेपालमा सार्वभौम बालिग मताधिकारको पहिलो औपचारिक अभ्यास २०१५ सालको आमनिर्वाचनबाट थालनी भएको हो । यो निर्वाचनले नेपाली नागरिकलाई पहिलोपटक लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने अवसर दिएको थियो । महिला, दलित, जनजाति, मधेश आदि उपेक्षित वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित निर्वाचन प्रणालीको अभ्यास गरिएको छ । यद्यपि यस अभ्यासको पूर्ण कार्यान्वयनमा अहिले पनि थुप्रै समस्याहरू नभएका होइनन् तर त्यसलाई क्रमश: सुधार गर्दै लैजान सकिन्छ । गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनको जगमा यही फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउने मात्र नभई मुलुकलाई नयाँ दिशातर्फ डोऱ्याउने राजमार्ग पनि निर्माण गर्ने हुँदा मतदाताको हातमा देश र जनताको भाग्य र भविष्य अडिएको छ ।

नागरिकले आफ्नो मतको महत्त्व बुझेर सक्रिय रूपमा मतदान गरेको अवस्थामा मात्रै राजनीतिक दल र नेताहरू जनताप्रति उत्तरदायी बन्न बाध्य हुन्छन् । लोकतान्त्रिक निर्वाचनमा जनताको मत खेर जानु भनेको लोकतन्त्रको आत्मा कमजोर हुनु हो । जनताको मत खेर नजाने अवस्था निर्माण गर्नु राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हो र यही दायित्व पूरा हुँदा मात्र लोकतन्त्रले आफ्नो वास्तविक अर्थ पाउँछ । सार्वभौम मताधिकारको प्रयोगले मात्र लोकतन्त्रलाई सुदृढ बनाउनेछ र सबै नागरिकलाई समान अधिकार र अवसरको सुनिश्चित गर्दछ । लोकतन्त्रको शक्ति बन्दुकमा नभई मतपेटिकामा हुने भएकाले निर्वाचनमा नै जनआकाङ्क्षाको वास्तविक प्रतिबिम्ब भएको हुन्छ । त्यसैले प्रत्येक नागरिकले आफ्नो मतको मूल्य बुझेर जिम्मेवार ढङ्गले प्रयोग गर्दा मात्र समावेशी, उत्तरदायी र सुदृढ लोकतन्त्र निर्माण सम्भव हुन्छ । मतको सम्मान नभएसम्म लोकतन्त्र केबल औपचारिक संरचना मात्र बन्न सक्छ ।

# निष्पक्ष निर्वाचनका लागि सम्यक सञ्चार

● एकराज पाठक

काठमाडौँ, १८ फागुन (रासस) । विकसित देशहरूमा मतदाताले आफ्ना उम्मेदवारहरूसँग प्राय: सञ्चारमाध्यम (मिडिया) मार्फत मात्र भेट्ने गर्दछन् । कैयौँ देशका उम्मेदवारले आफ्ना योजना, कार्यक्रम अर्थात् एजेन्डा टेलिभिजन बहसका माध्यमबाट राख्ने गरेको पाइन्छ । अहिले त यस्ता बहसका लागि युट्युबलगायत अन्य ‘सोसियल प्लेटफर्म’ पनि उपलब्ध छन् । अनि जनताले यसैमार्फत् ती उम्मेदवारप्रति धारणा बनाउँछन् । उम्मेदवारका योजना, कार्यक्रमप्रतिको प्रतिक्रिया पनि मिडियामार्फत् नै दिने गर्दछन् । त्यसैले निर्वाचनमा मिडियाको भूमिका माध्यम मात्र नभएर साधन नै हो भन्दा पनि हुन्छ ।

चुनावका बेलामा उम्मेदवार, मतदाता र मिडियाका बिचमा त्रिपक्षीय सञ्चार अर्थात् सम्बन्ध स्थापित हुने गर्दछ । मिडिया, मतदाता र उम्मेदवार यो साइकलमा आपसी सम्बन्ध राख्छन् र एकले अर्काप्रति गर्ने सञ्चारको माध्यम नै बन्ने गर्दछन् । मिडिया अन्यत्र पहरेदार बनेजस्तै यहाँ भने मतदाता र उम्मेदवारका विचार प्रवाहका माध्यम र एक अर्काका सेतु बन्ने गर्दछन् । यतिखेर पनि नेपालमा मिडियाको भूमिका यस्तै नै छ । उम्मेदवार र मतदाताबिचका धेरै कुरा मिडिया मार्फत् नै सञ्चार भइरहेको देखिएको छ ।

आफूले मत दिनुपर्ने उम्मेदवारको छनोटका लागि हिजो उसले के काम गरेको थियो र भोलिका एजेन्डा र प्रतिबद्धता के हुन् भन्ने जानकारी नागरिक अर्थात् मतदाताले मिडियामार्फत नै लिने गर्दछन् । यी सबै सूचना प्राप्त गर्न तथा उम्मेदवार र मतदाताका बिचमा प्रभावकारी रूपमा सञ्चार गर्न मिडिया बाहेकको अर्को कुनै प्रभावकारी माध्यम नागरिकसामु छैन । त्यसैले निर्वाचनका बेला मिडियाका लागि अलग्गै आचारसंहिता जारी हुन्छ र मिडियाको भूमिकाको कुशल व्यवस्थापन आवश्यक पनि रहन्छ । चुनावका समयमा नागरिकले आफ्ना राजनीतिक दल या उम्मेदवारप्रतिका अपेक्षा, माग, गुनासा र समस्या राख्ने भरपर्दो माध्यम मिडिया नै हुन् ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलोपटक र त्यसअघिका राष्ट्रपति बाराक ओबामा पनि त्यहाँको सरकारी तहमा अथवा कुनै राजनीतिक दलको उच्च ओहदामा रहेर चिनिएका व्यक्ति थिएनन् । निर्वाचन अभियानमा मतदाताले उनीहरूका विचार, योजना र कार्यक्रमलाई मन पराए र मत दिए । अनि उनीहरूका विचार तथा कार्यक्रमलाई जनतासँग साक्षात्कार गराइदिने काम मिडियाले नै गरेका हामीले देखेका थियौँ ।

अर्को एउटा फरक प्रसङ्ग के छ भने कतिपय देशमा मिडियाले नै कुनै उम्मेदवारलाई मत दिनुपर्ने तर्क नै अघि सार्ने पनि गरेका हुन्छन् । तर नेपालमा भने निर्वाचनका समयको मिडियाको यो कार्य अपवाद बन्न सक्छ, किनभने यहाँ मिडियाले त्यसो गर्दा कुनै उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिन पनि सक्छन् । कुनै पार्टी या उम्मेदवारलाई मत दिनुपर्ने कारण मिडियाले सार्वजनिक रूपमै प्रस्तुत गरिदिन्छन् तर कुनै पक्षधरता नभएर विषयका आधारमा । मिडियाका ती तर्क र कारणहरू कसैप्रति विभेदपूर्ण हुँदैनन्, तथ्यमा आधारित हुन्छन् । यस्तो कार्य मिडियाले स्वतन्त्र र तटस्थ रूपमा गरेको हुन्छ । मिडियाले सार्वजनिक रूपमा स्थापित गरिदिएको यो परिस्थितिबाट नागरिकलाई पनि आफूले मत दिने उम्मेदवार छन्न सहज हुने गर्दछ । यस कामका लागि मिडियाले कुनै उम्मेदवारलाई धोइ पखाली नगरी जस्ताको तस्तै प्रस्तुत गरिदिन्छ । मिडियाले तर्क या आधारविना नै कुनै पक्ष, उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिएर वकालत गर्न भने मिल्दैन ।

यो पनि एक प्रकारको मतदाता शिक्षा नै हो र यसले नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार कसरी प्रयोग गर्ने भनेर जानकारी प्रदान गर्ने गर्दछ । मिडियाले हरेक नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अथवा निर्वाचनमा मतदान गर्ने तरिकाका बारेमा शिक्षा प्रदान गर्दछ । यसमा दुई प्रकारको सन्देश हुन्छ । पहिलो नागरिकले किन आफ्नो मताधिकार प्रयोग गर्ने भन्ने हुन्छ भने अर्को प्रक्रियागत रूपमा नै मतदान कसरी गर्ने भनेर दिइने जानकारी समेटिएको हुन्छ । यी दुई सन्दशेमा नै सही र राम्रो विधायक किन र कसरी छान्ने भन्ने कुरा पनि पर्दछ ।

निर्वाचन प्रक्रियाको रिपोर्टिङ गर्ने क्रममा नै राजनीतिक पार्टी र उम्मेदवारलाई मतदातासँग संवाद गर्ने अवसर मिडियाले जुटाइदिन्छन् । सर्वसाधारणले आफ्ना जिज्ञासा र गुनासा, सरोकार, विचार र आवश्यकताका बारेमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन गर्ने निकाय, सरकार तथा आफूजस्तै मतदातालाई जानकारी दिने र आपसी अन्तर्क्रिया गर्ने अवसर पनि मिडियाले नै प्रदान गर्ने गर्दछन् ।

यसरी मिडियाले सामाजिक उत्तरदायित्वको सिद्धान्तको आत्मसात गरी निर्वाचनका समयमा काम गर्ने गर्दछ । निर्वाचन प्रणालीबारे साक्षरता बढाउने विधिका रूपमा पनि मिडियाको भूमिका रहन्छ । कम मत खस्ने तथा खसेका मतमध्ये पनि कतिपय मत बदर हुनेजस्ता समस्याको समाधान गर्न मिडियाले प्रशिक्षकको भूमिकामार्फत योगदान गर्न सक्छ ।

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाइराख्न आवधिक निर्वाचन अनिवार्य सर्त हो । जब कुनै पनि बहाना खोजेर निर्वाचन ‘आज नगरौँ पछि गरौँ’ भन्ने प्रपञ्चमा कुनै सरकार लाग्छ भने त्यो सरकारमा स्वत: लोकतान्त्रिक आचरणको कमी देखिन्छ । भनिन्छ, प्रजातन्त्रमा जनताले निर्वाचित नगरेका कुनै व्यक्तिले शासन गर्न पाउँदैनन् । दुनियाँमा विद्यमान लोकतन्त्रको मान्यता पनि यही हो । लोकतन्त्रलाई जीवन भर्न आवश्यक पर्ने केही तत्वमध्ये निर्वाचन सबैभन्दा महत्त्वपूर्ण र अत्यावश्यक तत्व हो । अनि आवधिक निर्वाचनलाई निष्पक्ष रूपमा सफल बनाउन सुसूचित नागरिकको सहभागिता पनि त्यत्तिकै आवश्यक पर्दछ । त्यसैले निर्वाचनका समयमा मिडियाको महत्त्व रहेको हुन्छ ।

विश्वका बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था भएका लोकतान्त्रिक राज्यमा स्वीकारिएको मत र विधि निर्वाचन नै हो । त्यसैले निर्वाचन र यससँग जोडिने हरेक प्रक्रियामा मिडियाको भूमिका महत्त्वपूर्ण र संवेदनशील रहने गर्दछ । मतदाताको मत दिने अधिकार हो भने उम्मेदवारको मत माग्ने अधिकार । यी दुवै अधिकारको सम्मान मिडियाबाट पनि सम्यक रूपमा हुनुपर्दछ । कुनै उम्मेदवारले आफ्नो मतमाग्ने अधिकार प्रयोग गरेको अवस्थालाई पक्षधरता लिएर माथि पुर्याइदिने र अर्को कुनै उम्मेदवारले त्यही अधिकार प्रयोग गर्दा त्यसमाथि उपेक्षा गरिदिनेजस्ता मिडियाका व्यवहार असन्तुलित ठहरिन्छन् ।

किनभने त्यहाँ मतदाता एकैथरि छन् तर उनीहरूसँग मत माग्ने उम्मेदवार भने कैयौँ छन् । चुनावका बेलामा मिडियाले पुर्याउनुपर्ने खास विवेक भनेकै यही हो । जुन पक्षधरताविहीन हुनुपर्दछ र सबै दल, उम्मेदवार र मतदाताप्रति सन्तुलित र सम्यक दृष्टिकोण राख्नुपर्दछ ।

अघिल्लो अर्थात् विसं २०७९ को प्रतिनिधिसभाको निर्वाचनलाई पनि एउटा सफलताको कथाका रूपमा हामीले लिन सक्दछौँ । किनभने शान्ति सुरक्षासहित एकैदिन देशभर मतदान, निष्पक्ष निर्वाचन, पर्चा पम्प्लेटबिना नै देशव्यापी रूपमा गरिएको चुनाव प्रचार, सामाजिक सञ्जालामा देखिएको मिथ्या सूचना र भ्रमपूर्ण अभिव्यक्तिको नियन्त्रण त्यस चुनावका राम्रा उदाहरणहरू हुन् । मिडियाले यी राम्रा उदाहरणलाई सफलताका कथाका रूपमा प्रचार गरिदिने हो भने यसले निर्वाचनसम्बद्ध निकाय र कर्मचारीलाई अबका निर्वाचनमा पनि राम्रा र सकारात्मक उदाहरणलाई अनुसरण गर्न प्रेरणा मिल्नेछ । त्यसैगरी पछिल्लो समयमा घट्दै गएको बदर मत सङ्ख्या तथा राजनीतिक दलहरूले आफैँले आफ्ना निर्वाचन क्षेत्रमा पुगेर दिएका जानकारीहरू पनि निर्वाचनका सकारात्मक उदाहरण हुन् ।

त्यसैले निर्वाचनका समयमा मिडिया आफैँ स्वतन्त्र र निष्पक्ष हुनु जरुरी छ । कतै ढल्किएको या तर्किएको मिडियाका कारण निर्वाचनको निष्पक्षतामाथि नै असर गर्न सक्छ । मिडियाको तागत निष्पक्षता, स्वतन्त्रता र निर्भयतामा नै छ । कसैको लोभलालचमा फसेको मिडियासँग दरिलोसँग प्रश्न गर्ने दम नै हुदैन । अभाव, दबाब र प्रभावबाट मुक्त मिडियाले मात्र सही प्रश्न उठान गर्न सक्छ र सामाजिक चेतनाका लागि जनता जगाउन सक्छ । अनि यस्ता मिडियाले मात्र मुलुकमा निष्पक्ष निर्वाचनका लागि सघाउन सक्छ ।

यसकारण मिडिया सदैव स्वतन्त्रता भन्ने शब्दसँगै जोडिएर आउने गर्दछ । स्वतन्त्रता र निष्पक्षता मिडियाको स्वभाव र कामका पर्यायवाची शब्द हुन् । कुनै खेलका ‘रेफ्री’ ले जति निष्पक्षतापूर्वक खेल सञ्चालन गर्न सघाउँछ त्यति नै त्यो खेल मर्यादित भएजस्तै मिडियाले पनि ‘रेफ्री’ को भूमिका निर्वाह गर्नसक्दा सामाजिक मर्यादा कायम रहन्छ । निर्वाचनका बेलामा पनि मिडियाको यस्तै भूमिका सर्वत्र अपेक्षित हुन्छ ।

समग्र मिडिया एवं सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि आजका दिनमा बुझ्नुपर्ने कुरा के हो भने अहिलेको निर्वाचन फरक र विशेष खालको हो । हुनत सबै निर्वाचनले कुनै न कुनै सन्देश र फरक अवस्था या प्रसङ्ग बोकेकै हुन्छ । तर पनि देशमा भएका धेरै पटक र खालका आन्दोलनमध्ये गत भदौमा भएको आन्दोलन फरक विषय र परिवेशको थियो । कुनै राजनीतिक पार्टीले अघि सारेको नभएर जेनजी पुस्ताले थालेको आन्दोलनबाट नै राज्यसत्तामा ठूलो परिवर्तन आयो र अहिले त्यो आन्दोलनको छ महिनामा नै निर्वाचन हुन गइरहेको छ ।

सो आन्दोलनले शासन सत्तामा युवा पुस्ताको सहभागिता र सुशासनको प्रत्याभूतिको माग अघि सारेको थियो । यिनै दुई परिस्थितिको आवरणभित्र यो चुनाव हुन गइरहेको छ । त्यसैले यो चुनाव आवधिक नभएर आकस्मिक हो र सहज नभएर असहज अवस्थामा हुन गइरहेको छ । यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनमा जस्तो तयारीका लागि आवश्यक समय पनि थिएन । यसकारण पनि यो निर्वाचनको विशेषता र विशिष्ठता बुझेर देशका मिडिया तथा सबै राज्य संयन्त्रले आवश्यक सहयोग गर्नुपर्ने अवस्था छ ।




मध्यपूर्वमा अर्को अमेरिकी युद्ध चाहिँदैन, इरानमाथिको अमेरिकी-इजरायली युद्ध तत्काल रोक भन्ने माग गर्दै संरा अमेरिकाको क्यालिफोर्निया राज्यको लस एन्जलस सहरको सिटी हलअगाडि प्लेकार्ड बोकी प्रदर्शन गर्दै सयौं युवाहरू २ मार्च २०२६ को साँझ । उनीहरूले मध्यपूर्वबाट अमेरिकी सेना फिर्ता ल्याऊ भन्ने नारा जोडदार रूपमा लगाएका थिए ।

*तस्बिर : फ्रेडरिक जे. ब्राउन/एएफपी*

# इजरायली सेनाद्वारा लेबनानमा नयाँ निकासी आदेश जारी

जेरुसेलम, ३ मार्च (एएफपी) । इजरायली सेनाले लेबनानका दर्जनौँ स्थानहरूमा मङ्गलबार नयाँ निकासी आदेश जारी गरेको छ । अर्थात्, लेवनानमाथि भारी आक्रमण गर्ने तयारी उसले गरेको छ ।

इजरायली सेनाले विज्ञप्ति जारी गर्दै लेबनानको ५० वटा स्थानका बासिन्दाहरूलाई, आफ्नो सुरक्षाका लागि तुरुन्तै सुरक्षित ठाउँमा जान आग्रह गर्दै आदेश जारी गरेको सेनाका अरबी भाषाका प्रवक्ता अविचाय अद्राईले बताउनुभएको छ ।

निकासी आदेश जारी हुने अधिकांश स्थान लेबनानका दक्षिणी भेगका रहेको र इजरायलले निरन्तर हेजबुल्लाहको पूर्वाधारमा प्रहार गर्ने उद्देश्यले यस क्षेत्रलाई लक्षित गर्ने गरेको जनाइएको छ ।

## हार्दिक समवेदना



जन्म : २०११/०३/१३
निधन : २०८२/११/१६

यस संस्थाका सदस्यता नं. ४०८८ का सदस्य **रामकृष्ण कपाली**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना




जन्म : २०४३/०८/२८
निधन : २०८२/११/१७

यस संस्थाका सदस्यता नं. १०३८ का सदस्य **श्रृजना लाखाजु**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म २००९।०१।२६
निधन २०८२।११।१४

भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रमा कार्यरत कर्मचारी अञ्जु बाग(लवजु) का पूजनीय ससूराबुबा **गोविन्द लवजु**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**पर्यटक सूचना तथा सेवा केन्द्र परिवार**
भक्तपुर नगरपालिका, भक्तपुर

## हार्दिक समवेदना



जन्म २०३७/०४/०५
निधन २०८२/११/१७

यस समितिका सदस्य **गिरिगोविन्द राजचल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**चोछैं ब्यासी सद्भाव समिति**
चोछैं, ब्यासी, भक्तपुर

## हार्दिक समवेदना



जन्म १९९२/०८/११
निधन २०८२/११/०९

यस समूहका सदस्य शिवराम साँदका पूजनीय माता **गणेशमाया साँद**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**१५ गते बचत समूह**
भक्तपुर

# हार्दिक समवेदना



जन्म
१९९६/०७/२०

स्वर्गारोहण
२०८२/११/०८

यस उद्योगका साझेदार आशाराम सुवालका पूजनीय पिता **आशलाल सुवाल**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

# जय हनुमान नंखेल महादेव चिम्नी भट्टा

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा